स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री स्वस्तिमा खड्कालाई इन्स्टाग्राममा पछ्याउनको संख्या १० लाख नाघेको छ । बुधबार उनलाई पछ्याउनेको संख्या त्यति पुगेको हो । नेपाली फिल्म अभिनेत्रीतर्फ इन्स्टाग्राममा धेरै पछ्याइने अभिनेत्रीतर्फ अदिती बुढाथोकी २.३ मिलियन (२३ लाख) पहिलो र दोस्रोमा प्रियंका कार्कीलाई १.१ मिलियन (११ लाख)ले पछ्याएका छन् । इन्स्टाग्रामको यो फलोअर्सले सेलिब्रेटीको लोकप्रियता र स्टारडमलाई दर्शाउँछ । फेसनमा समेत रुचि राख्ने स्वस्तिमा पछिल्लो समय विज्ञापन र फिल्ममा व्यस्त छिन् ।

आजको विचार...



नारायण तिमिल्सेना

सरकार...
(दुई पेजमा)



गायिका अन्जु पन्त र गायक पदम राईको आवाजमा 'बाटो घुमाउरो बाटो उकालो' रिलिज गरिएको छ । केही समय अघि मात्र रिलिज गरिएको गीतमा दिपक शर्माको शब्द, संगीत र एरेन्ज समावेश छ । गम्भीर बिस्टको कन्सेप्ट, कोरियोग्राफी र निर्देशन रहेको भिडियोमा एलिशा राई, पदम राई, सरोज प्रजा बिना राउत,सुरेश देवल, पृन्सिका श्रेष्ठको अभिनय देख्न सकिन्छ । नवराज उप्रेतीको छाँयाकन रहेको भिडियोलाई प्रवीण भाटले सम्पादन र रेनिश फागोले कलरिङ गरेका हुन् ।

❐ वर्ष २९ ❐ अंक ६८ ❐ २०८० असोज ६ गते शनिबार 23 September 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### प्रदर्शन गर्ने विद्यार्थी पक्राउ


**पाल्पा,** असोज ५/सिंहदरबार अगाडि प्रदर्शनमा उत्रिएका क्रान्तिकारी नेकपा माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीका १७ जनालाई प्रहरीले पक्राउ गरेको छ । विद्यालय शिक्षा विधेयकको विरोधमा शुक्रबार दिउँसो सिंहदबार अगाडि प्रदर्शनमा उत्रिएपछि प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिइएको हो । उनीहरुले शिक्षकको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै प्रदर्शनमा उत्रिएका थिए । विद्यालय शिक्षा सम्बन्धी विधेयकको विरोधमा शिक्षकहरुले गरेको आन्दोलनप्रति समर्थन जनाउँदै सिंहदरबारको दक्षिण गेटमा प्रदर्शन गर्न खोज्दा अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल लगायतलाई प्रहरीले नियन्त्रणमा लिएको हो । विद्यालय शिक्षा सम्बन्धी विधेयकको विरोध गर्दै उनीहरुले शिक्षामन्त्रीको राजीनामा माग गर्दै नाराबाजी गरेका थिए । यसैबीच, प्रहरीले आन्दोलनको समाचार संकलन गर्न गएका सञ्चारकर्मीलाई दुर्व्यवहार र हातपात गरेका छन् । विद्यार्थीहरूको आन्दोलनको दृश्य कैद गर्ने क्रममा सूचना विभागद्वारा जारी गरिएको परिचयपत्र देखाउँदा प्रहरीले दुर्व्यवहार र हातपात गरेको हो । सरकारले संसदमा पेश गरेको विद्यालय शिक्षा विधेयकविरुद्ध देशभरका शिक्षकहरू बुधबारदेखि काठमाडौं केन्द्रित आन्दोलन जारी राखेका छन् । उनीहरू १८ बुँदे माग राखेर आन्दोलित बनेका हुन् ।

## संविधान घोषणाको आठ वर्ष

# कार्यान्वयन सुस्त, जनतामा निरासा

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ५/संविधानसभाबाट नेपालको संविधान घोषणा भएको आठ वर्ष पूरा भएको छ । ३ असोज ०७२ मा दोस्रो संविधानसभाका ९० प्रतिशत बढी जनप्रतिनिधिको समर्थनमा 'नेपालको संविधान' घोषणा भएको हो ।




संविधान आएको आठ वर्ष भइसक्दासम्म कार्यान्वयनको पाटो अत्यन्त सुस्त रहेको छ । अहिलेसम्म जनताले स्थानीय सरकारबाट प्रभावकारी सेवा पाउन सकेका छैनन् । संविधानको धारा ५६ (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख छ तर, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनिसकेका छैनन् । संघीय निजामती कर्मचारी सम्बन्धी ऐन नआउँदा प्रदेश कानुनहरू बन्न सकेका छैनन् । जसको परिणाम प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमै चुनौती छ । संविधानले अधिकार दिए पनि संघीय कानुन, कर्मचारी, प्रहरी जनशक्ति लगायत अभावले प्रदेशले राम्रो सेवा प्रवाह गर्न सकेका छैनन् । तिनै समस्याहरूबाट स्थानीय तह पनि जुधिरहेका छन् । अपेक्षाकृत परिणाम दुवै संस्थाले दिन सकिरहेका छैनन् ।

संविधानमा बहुमत प्राप्त राजनीतिक दलले सरकार चलाउने उल्लेख गरिएको छ तर हामीकहाँ बहुमत प्राप्त दल नै यति कमजोर भइदियो कि, उसले सरकार सञ्चालन गर्नै सकेन । जनमतको भावना विपरीत गठबन्धनको सरकार बन्नु संविधानको मर्म थिएन । बहुमत प्राप्त दल एक अवधि नटिक्नु र नटिकाउनुका पछाडीका सत्ताको खेल नै प्रमुख कारक हो । यो संविधानको मर्म विपरीतको अवस्था हो । सदन भंग गरेर होस् वा चलिरहेको सदन अन्त्य गरेर होस् । दुवै प्रकारले ल्याइएका अध्यादेश संवैधानिक मर्मविपरीतका अभ्यासहरू हुन् । प्रधानमन्त्रीदेखि राष्ट्रपति समेतले गरेका काम कारवाही न्यायिक निरुपण हुँदा गलत सावित भएर उल्टिएका अनेकौं दृष्टान्तहरु छन् ।

संविधान प्राप्तिका लागि लडेका सबै शक्ति जनअपेक्षा अनुसार सुशासन र विकासमा समर्पित हुन सकिरहेका छैनन् । जनचाहना अनुरुपको संविधान र त्यसमा आधारित निर्वाचन भएर मुलुकमा बहुमतको सरकार बने पनि पाँच वर्ष टिक्न सकेन । जसबाट आम जनता निरास बनेका छन् । आठ वर्षको अवधिमा संविधानले निश्चित दिशा समात्न नसकेको देख्छन् राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाका नेता देवेन्द्रबहादुर रायमाझी । 'संविधान जति आशालाग्दो छ, कार्यान्वयनको अवस्था त्यस्तो छैन,' उनले भने । संविधान सफल नहुनुमा राजनीतिक दल र उनीहरुको ईच्छाशक्ति बाधक बन्दै गएको रायमाझीको भनाई छ । राजनीतिक दलहरुले संविधानको मर्म विपरीत कार्य गर्दै गएकाले जनतामा निरास छाएको उनले बताए । रायमाझी भन्छन् 'संविधानले जनताको आवश्यकता र अधिकारहरुलाई सुनिश्चित गर्नुपर्छ ।' उनले सरकारले नागरिकका आवश्यकता र विकासको प्राथमिकतालाई छुट्याउन नसकेको बताए । सुशासन र आर्थिक समृद्धिका नारा दिने सरकारले नागरिकलाई निरासा मात्रै दिएको उनको आरोप छ ।

चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं ।

चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।

मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# अविरल वर्षाले भत्कियो घर, परिवार विस्थापित

**गलकोट (बागलुङ),** असोज ५/बागलुङ नगरपालिका-१ मरेपीपलमा वर्षाका कारण एक घर भत्केर पूर्णरुपमा क्षतिग्रस्त बनेको छ । नाली निर्माणका क्रममा खनिएको जगमा अविरल वर्षाका कारण घर पूर्णरुपमा भत्किएर परिवार विस्थापित भएको छ । नाली निर्माणका क्रममा चर्किएको घर विहीबार रातिको वर्षाका कारण पूर्णरुपमा भत्किएको हो ।



फाइल फोटो

बागलुङ नगरपालिकाले अहिले मरेपीपलमा अतिक्रमण सडकमा भएका संरचना हटाउने तथा सडक बिस्तार गर्ने र नाली निर्माण गरिरहेको छ । नाली विस्तारका लागि जग खन्नेक्रममा भारी वर्षा भएपछि नालीको पानी घरमा पसेर घर भत्किएको हो । नाली निर्माण गर्दा जोखिममा परेको घर वर्षाको पानीले स्थानीय भगवती सापकोटाको घर भत्किएको हो । दुईतले कच्ची घर भत्किएपछि छिमेकीको घरमा आश्रय लिएर बसेको सापकोटाले बताइन् । आर्थिक अवस्था न्यून रहेको सापकोटाको परिवार विस्थापित भएपछि बागलुङ नगरपलिकाले घर निर्माणमा सहयोग पुऱ्याउने आश्वासन दिएको छ । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले भत्किएको घरको स्थलगत अनुगमन गरेका थिए । खड्काले विपन्न समुदायलाई घर बनाउन विपद् शाखामार्फत सहयोग गरिरहेको बताउँदै सापकोटाको घर निर्माणमा बागलुङ नगरपालिकाको क्षमताअनुसार सहयोग गर्नेगरी कार्यपालिकाको बैठकमा लैजाने बताए । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बढ्दो आपराधिक घटना रोक

नेपालमा आपराधिक घटनाहरु बढ्दै गएका छन् । सरकारले आपराधिक घटना रोकथाम गर्ने प्रतिबद्धता जनाइरहँदा पछिल्ला वर्षहरूमा यस्ता घटना झन्झन् जटिल बन्दै गएका हुन् । जनचेतना अभाव, अशिक्षा, कुसंस्कारजन्य बेथिति, गरिबी, बेरोजगारी, आर्थिक लेनदेन, बदलाको भाव, रिसइबी, झै–झगडा लगायत कारणले हत्याहिंसा जस्ता जघन्य अपराध हुने गरेको प्रहरी तथ्यांकले देखाउँछ । अधिकांश आपराधिक घटना पारिवारिक लेनदेन तथा रिसइबीका कारण हुने गरेका छन् । केही दिन अघि नेपालको संघीय राजधानी काठमाडौंको तीनकुनेस्थित गैह्रीगाउँमा एकै परिवारका तीनसहित चार जनाको वीभत्स ढङ्गले हत्या भयो । हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले एक जनालाई पक्राउ गरे पनि घटनाको यकिन कारण खुलेको छैन । यो एक प्रतिनिधि घटना मात्रै हो । संघीय राजधानी जस्तो ठाउँमा दिन दिनदहाडै हत्या हुनुले राजधानीको सुरक्षा व्यवस्था सोंचे जति मजबुत नभएको प्रष्ट हुन्छ । राजधानी यस्तो सार्वजनिक ठाउँ हो, जहाँ मानिस आउने–जाने क्रम भइरहन्छ, सुरक्षा समेत बाक्लो रहन्छ  तर पनि यस्तो ठाउँमा कुनै व्यक्ति सजिलै मान्छेको ज्यानै लिन सफल हुन्छ भने यस्तो अवस्थालाई सुरक्षाका दृष्टिले उचित मान्नै सकिन्न । हुन त जहिले पनि अपराध गर्नेहरू कानुन–नियम र सुरक्षा संयन्त्र भन्दा एक पाइला अगाडि हुने गर्छन् ।

केही वर्षअघि भारतमा पेसेबर अपराधीहरूले यस्ता घटना गराएको सुनिन्थे । अहिले यस्ता घटना नेपालमै घटिरहेका पाइन्छन् । नेपालमा पछिल्लो समय विभत्स अपराधका घट्ना बढ्दै जानुमा यसका पछाडी विभिन्न कारण जिम्मेवार हुन सक्छन् । आर्थिक संकटले उत्पन्न परिस्थिति, आर्थिक कारोबारमा विवाद, व्यक्तिगत रिसइबी, प्रतिशोध, घर–जग्गा लगायत सम्पत्तिमा विवाद, मादक पदार्थ सेवन, जातीय भेदभाव, सामाजिक सञ्जालको दुरुपयोग, गोपनीयता भङ्ग हुनु,यौन उन्माद, युवामा नैराश्यता, बेरोजगारी, फुर्सदिलो समयजस्ता थुप्रै कारणले हत्याका घटनामा वृद्धि भइरहेका छन् । जे जस्ता कारण जिम्मेवार भए पनि अपराध कर्मलाई कुनै पनि हिसाबले स्वीकार गर्न सकिँदैन । जघन्य अपराधका दोषीलाई त जुनसुकै सजाय पनि मुनासिव हुन्छ । घटनामा सामान्य मानिस हत्याको शिकार हुनु चिन्ताको विषय हो । यसर्थ यस्ता घटनाहरु रोक्ने विषयमा सरकार गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

तिमी जस्ता झारे पुतली नै हो बत्तीको उज्यालो खोज्नुपर्ने त ।
न त हेर न जुनकिरीको प्राकृतिक उज्यालो कसैले फाल्न सक्छ ? कि सक्छौ र ?
*(मिला दरैको फेसबुक स्टाटस https://www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकार र संघीयता : कति सफल कति असफल ?



**नारायण तिमिल्सेना**

*सबै प्रदेशमा अध्यादेशबाट कानुन ल्याइएका छन् तर ति कानुन पनि सबै प्रदेशमा एकरुपता छैन । संघीय कानुन जारी भए पश्चात फेरी परिवर्तन गर्नु पर्छ । यता स्थानीय तहमा भने काम गर्ने कर्मचारीहरु थप अन्यौलमा परेका छन् । अहिले स्थानीय तहमा दश प्रकारका कर्मचारीहरु कार्यरत छन् । संघीय कर्मचारी, संघबाट समायोजन भएर आएका कर्मचारी, संघबाट स्थानीय तहका लागि लोक सेवा आयोग उत्तीर्ण गरेका कर्मचारी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस कर्मचारी, साविक जिविसका स्थायी कर्मचारी, अस्थायी कर्मचारी, कार्यक्रमबाट राखिएका कर्मचारी, पालिकाबाट नियुक्त करार कर्मचारी लगायतका कर्मचारी कार्यरत छन् ।*

राज्यको शासकीय शक्ति दुई वा सोभन्दा बढी तहको सरकारबाट अभ्यास गरिने शासकीय पद्धति नै संघीय शासन प्रणाली हो । संघीय शासन प्रणालीमा राज्यको सार्वभौम शक्ति संविधानबाट नै सरकारका तहहरूबीच बाँडफाँड गरिएको हुन्छ । संघीयताको मोडेलअनुसार एकल रूपमा प्रयोग गर्ने र साझा रूपमा प्रयोग गर्ने अधिकारलाई संविधानद्वारा नै स्पष्ट परिभाषित गरिएको हुन्छ । यसरी एकल रूपमा प्रयोग गर्ने गरी प्रदान गरिएको अधिकारमा सम्बन्धित तहका सरकार स्वायत्त हुन्छन् भने साझा अधिकारका विषयमा समन्वय र सहकार्य गरेर शासन सञ्चालन गर्ने व्यवस्था गरिएको हुन्छ, त्यसैले संघीय शासन प्रणाली स्वशासन र साझा शासनको संयोजित रूप हो । ठूला र साना दुवैखाले भौगोलिक स्थिति भएका मुलुकमा संघीयताको सफल अभ्यास भएको छ । नेपालमा संघीय शासन प्रणालीको कार्यान्वयन अभ्यासकै क्रममा छ । यसर्थ यहाँ सरकार र संघीयताको अभ्यासका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालको संविधान जारी भएको आठ वर्ष पूरा भएको छ । नेपालले संविधानमार्फत संघीयता पायो, गणतन्त्र संस्थागत गरायो । काठमाडौंको सिहं दरबार घर-घरमा पुऱ्यायो, लोकतान्त्रिक देश हो भनि परिभाषित पनि गऱ्यो तर वास्तविक लोकतन्त्रको आभाष भने पुऱ्याउन सकेन् । संविधान देशको मूल कानुन हो । यही संविधानमा टेकेर आज सबै कानुन बनि सक्नु पर्थ्यो तर संघीयता कार्यान्वयनका हिमायती कर्मचारीहरु कै कानुन बनाउन सकेको छैन् । निजामती कर्मचारीहरु नै आफ्नो कानुन पाउन सकेका छैनन् । संघीयता र लोकतन्त्रले सेवा प्रदायक नै सन्तुष्ट छैनन् भने लोकतन्त्र सफल भएको कसरी मान्न सकिन्छ । आज देशमा एउटा संघीय सरकार, सात वटा प्रदेश सरकार र सात सय त्रिपन्नवटा स्थानीय सरकार गरी जम्मा सात सय एकसठ्ठी सरकार छन् । यतिका धेरै सरकारबाट राज्य सञ्चालन भए पनि जनता मैत्री राज्य बन्न नसकेको स्पष्ट देखिन्छ ।

संघीय निजामती कर्मचारी ऐनसँग नबाजिने गरी प्रदेश निजामती ऐन जारी गर्नुपर्छ र संघीय तथा प्रदेश निजामती ऐनसँग नबाजिने गरी स्थानीय सेवा ऐन जारी गर्नु पर्ने कानुनी प्रावधान छ तर अहिले सम्म संघीय निजामती ऐन आउन नसक्नाले कर्मचारीहरु सरकारप्रति असन्तुष्ट बन्दै गएका छन् । सबै प्रदेशमा अध्यादेशबाट कानुन ल्याइएका छन् तर ति कानुन पनि सबै प्रदेशमा एकरुपता छैन । संघीय कानुन जारी भए पश्चात फेरी परिवर्तन गर्नु पर्छ । यता स्थानीय तहमा भने काम गर्ने कर्मचारीहरु थप अन्यौलमा परेका छन् । अहिले स्थानीय तहमा दश प्रकारका कर्मचारीहरु कार्यरत छन् । संघीय कर्मचारी, संघबाट समायोजन भएर आएका कर्मचारी, संघबाट स्थानीय तहका लागि लोक सेवा आयोग उत्तीर्ण गरेका कर्मचारी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस कर्मचारी, साविक जिविसका स्थायी कर्मचारी, अस्थायी कर्मचारी, कार्यक्रमबाट राखिएका कर्मचारी, पालिकाबाट नियुक्त करार कर्मचारी लगायतका कर्मचारी कार्यरत छन् । यिनी सबै प्रकारका कर्मचारीलाई सम्बोधन गर्ने गरी कानुन आउन नसक्नाले कर्मचारीहरु उत्साहित भई सेवा प्रवाह गर्न सकेका छैनन् । स्थानीय तहले आशा राखे अनुरुप कानुनको मस्यौदा बन्न नसेकेकै कारण कर्मचारीहरु आन्दोलित हुँदै गएका छन् । आन्दोलनका लागि थप संगठित बन्दै गएका छन् ।

कर्मचारी मात्रै नभएर शिक्षककहरुको पनि अवस्था उस्तै रहेको छ । सत्र किसिमका कर्मचारी समाहित रहेको विद्यालय क्षेत्रको अवस्था पनि लथालिङ्ग देखिन्छ । करीब एक लाख भन्दा बढी शिक्षककहरु काठमाडौंमा आफ्ना मागहरु राखी आन्दोलनमा उत्रिएका छन् । सरकारबाट आफ्ना मातहतमा राखेका मागहरुको सम्बोधन गर्न नसक्नुलाई सरकारको असफलता वा संघीयता असफलता मान्ने सोंचनीय रहेको छ । शिक्षक हुन वा कर्मचारी जुन कुनै क्षेत्रका ऐन कानुनको मस्यौदा तयार गरिँदा आफ्नो भन्दा तल्ला तहमा कार्यरत कर्मचारीलाई दबाउनै पर्ने सोंच रही रहँदासम्म  देशमा कार्यरत कर्मचारीहरु खुशी हुने अवस्था आउदैन । एउटै पाठ्यक्रम पढेर समान तहका परीक्षा र समान किसिमका परीक्षा उर्त्तिण गरेका कर्मचारी माथि राज्यले गर्ने विभेद राम्रो हुँदै होइन । आज राष्ट्रसेवक कर्मचारी उत्साहित हुन नसक्नु, सरकारी शिक्षक आन्दोलन मै हुमिन परेको अवस्था छ । सिमित वर्ग र तहमा रहेका कर्मचारीले मात्रै सेवा प्रवाह गर्दैमा राज्य चल्दैनन् । राज्यमा सेवा प्रवाह गर्न सबै तहका र क्षेत्रका कर्मचारी आवश्यक पर्छ । जे माग राखेर राजनीति गरे ति राजनीतिक दलले पनि आफ्नो मार्ग मोडेका छन् । आफ्नै शक्ति र स्वार्थमा मात्रै लिप्त बन्न थालेपछि कसैले विश्वास गर्नु परेन अनि आशा पनि राख्नु परेन । आज राज्य प्रति वितृष्णा पैदा हुँदै गएको स्पष्ट देखिदै गएको छ । कर्मचारी शिक्षक मात्रै होइन युवाहरुले समेत देशमा आफ्नो भविष्य देख्न छाडिसकेका छन् । विद्यालय कलेजमा भन्दा धेरै भिड कन्सल्टेन्सीमा देखिन्छ । अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको युवाहरुको भिडले सायदै मन चसक्क नहुने कोही हुँदैन् । आज मेरो देश विदेश दौडिएको छ । नेपाल आमाले आफ्ना छोरा अन्तै पठाएकी छन् । रेमिटेन्समा देश रमाउनु भन्दा युवाको श्रम र पसिना देशमै राख्न सके सबैको मन खुसी हुने थियो । अर्थतन्त्रमा समेत सकारात्मकता आउने थियो ।

खाडी मुलुक र कोरीया तिर गएका युवा त फर्किन्छन् तर युरोपियन, अष्ट्रेलियन र अमेरिकी देशमा गएका युवा फर्किएको विरलै भेटिन्छ । के युवाहरुको भविष्य ति देशले मात्रै सुरक्षित गर्नुपर्छ वा हाम्रो देशले पनि सोंच्नु पर्छ ? विद्यार्थी भिषामा भासिएका युवा आफू मात्रै जाँदैन कलेज फी को बहानामा पैसा पनि बुझाउनु पर्छ । विश्वका ति देशले विश्व विद्यालय अनि कलेज बचाएका छन्, त्यहाँका शैक्षिक रोजगार बनाएका छन् र समान गरिमा भएका हाम्रा विश्व विद्यालयलाई बचाउन कस्ले सोच्नु पर्ने हो ? राज्य दिनानु दिन खस्किदो अवस्थामा पुग्दा संघीयता र लोकतन्त्र सफल मान्ने कि असफल ? पुँजीवाद अवलम्बन गरेका विश्वका धेरै देश आज सफल छन् अनि समाजवाद मात्रै अवलम्बन गरेका कैयन देशहरु पनि सफल भएका उदाहरणहरु छन् । सफलता र आर्थिक उपलब्धीवाद मा मात्रै केन्द्रीत छैन । कुन देश कति सफल हुने भन्ने कुरा अवस्था र व्यवस्थाले मात्रै होइन रहेछ । कुनै समयमा नेपाल भन्दा कमजोर अर्थतन्त्र भएका देशहरु आज विश्वमा अर्थतन्त्रमा नेतृत्व गर्न पुगि सकेका छन् । सफलता त देशका युवाहरु प्रतिको लगानी, कर्म गर्नेहरुको परीश्रम, लगनशिलता र इमान्दारीतामा भर पर्छ । राज्यका जुन सुकै क्षेत्रमा काम गर्नेहरुको मनोबल उच्च गराउने, हौसिएर काम गर्ने र आफ्ना कर्ममा विश्वास गर्ने अवस्था आएमा मात्र सबलीकरण सम्भव होला । उक्त वातावरण सिर्जना गराउने कसले हो ? कर्मचारीतन्त्रले वा राजनीति गर्ने राजनितिक नेता अनि दलले ? कसले रोकेको छ देश प्रति काम गर्न र सोंच बनाउन ? कि त नसकेर हो वा नजानेर जे भए पनि राज्य प्रति सबैको उदासिनताले सरकार अनि देश उकालो लागेको महशुस हुन सकेको छैन् । संघीयताले राज्य बन्छ भन्ने विश्वास आउन सकेकै छैन ।

विश्वका अधिकांश आँकडामा नेपाल पछाडी देखिन्छ । भ्रष्टचार सुचांकमा होस् वा बलियो पासपोर्ट, मानव विकास सुचांकमा होस वा विश्वको खुसी सुचांकमा नेपालको नाम अगाडिबाट भन्दा पछाडीबाट खोज्दा छिटो भेटिन्छ । यो अवस्था कहिलेसम्म रहला यसको उत्तर कसले दिने ? दश वर्ष अगाडि विश्वमा उही स्थान ओगट्ने देशको अवस्थामा सुधारउन्मुख नहुनुले लोकतन्त्र अनि संघीयताले जनतामा यथोचित फाइदा पुगेको कसरी भन्न सकिन्छ । देश भित्रै बसेर रोजगार गर्ने हुन वा व्यावसायमा हात हाल्ने हुन यिनि सबैले राज्यको मुक्त कुण्ठले प्रशंसा गर्ने वातावरण गराउन किन सकिदैन ? यो बनाउन असम्भव हो वा बनाउन खोजिदैन ? देश भित्रै बसेर क्षमता अनुसार काम गर्न खोज्दा काम पाउने वातावरण बनाउने जिम्मेवारी कसको हो ? जिम्मेवारको हो चिनिएन, कि पदमा पुगे पछि आफ्नै भूमिका बिर्सिन्छन् । जे होस जनताले इच्छा राखे बमोजिम सरकार नचल्नुले समग्रमा सरकार अनि संघीयता माथि अविश्वास पैदा हुँदै गएको छ ।

सरकारमा नपुग्दै धेरै कुरा गर्न सक्ने नेतृत्वले सरकारको जिम्मा सम्हाले पछि कुनै न कुनै काण्डको सामना गर्नै पर्ने रहेछ ।आशा अनि भरोसा गरिएका नेता अनि नेतृत्वले मुल बाटो छोडेर व्यक्तिगत स्वार्थमा लिप्त भएपछि समग्रमा न त देशमा लोकतन्त्र संस्थागत हुन पुग्दछ न त जनताबाट विश्वास लिन सकिन्छ । विस्तारै जनताको मनमा राजनीतिक दलप्रति वितृष्णा आउनु स्वाभाविक हो । त्यसैले बोल्नेले कुरा पुरा गर्नु पर्छ वा गर्न सक्ने मात्र बोल्नु राम्रो हुन्छ । सबैलाई समेट्ने र चित्त बुझ्ने गरी थितिको नीति नबन्ने र विधिले सरकार नचल्ने हो भने  बास्तविक लोकतन्त्रको अनुभुति जनताले गर्न पाउँदैनन् र संघीयताको मर्म भेट्न पनि सकिदैन ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । नयाँ जिम्मेवारी पाइएला । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । |
| **वृष** : कीर्तिमानी काम गर्ने समय छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : अनावश्यक ठाउँमा धन खर्च होला । वैदेशिक क्षेत्र कमजोर रहनेछ । | **धनु** : खानपिनमा विचार पुर्याउनु पर्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : पुरानो समस्या सुल्झाउन सकिनेछ । सन्तान सुख पनि मिल्ला । | **मकर** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । |
| **सिंह** : दैनिक कार्यमा प्रगति हुनेछ । प्रेममा मधुरता पनि छाउनेछ । | **कुम्भ** : उमङ्गको कमी हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भईंदैन । |
| **कन्या** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **मीन** : मनोरञ्जनमा सहभागी भइएला । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । |

# साहित्य दर्पण

हाँस्यव्यङ्ग्य — कृष्ण प्रधान

## चुक्ली + चुक्लीवाल = छुल्याहा

> ***चुक्लीवालको चर्तीकला देख्दा साँच्चै चुक्ली सर्वाधिक उपयोगी हतियार हो भन्ने कुरामा म सोह्रै आना आश्वस्त र विश्वस्त छु । थाक्सेको मुख चल्छ, नेवारको हात चल्छ भने झैं यी चुक्लीवालको मुख पनि बेजोड चल्छ । बडो मिलनसार स्वाभावका देखिएतापनि चुक्लीवालको गिदीमा अहर्निश षड्यन्त्र, छलकपट आदिले लेफराइट खेलिरहेको हुन्छ । किनभने चुक्लीवालाले चुकक्ली लाउनु बाहेक अन्य केहीजानेकै हुँदैन । चुक्ली लाउनु भनेको नै आफ्ना हाकिमको प्यारो हुनु हो । नियरेष्ट र डियरेष्ट बनिनु हो । सरकारी वा गैर-सरकारी कार्यालयमा मात्रै चुक्ली लाउने काम हुन्छ भन्ने छैन । राजनीति, साहित्य, संगीत आदिको क्षेत्रमा समेत चुक्लीचाक्ली (अर्काको कुरा लाउँदै आफू साखी हुने काम, साखिल्लो बन्ने काम) चल्छ ।***

भए नभएको बुँदा समेटी अर्काको बारेमा कुरो लगाउने कामलाई ‘चुक्ली’ भनिन्छ । आफू सर्वश्रेष्ठा हुन अनि आफ्नै लङ्गोटिया यारहरूलाई सर्वनिकृष्ट बनाउन खोज्ने छुल्याहालाई ‘चुक्लीवाल’, ‘पोलाहा’, ‘साँखेचोर’ भनिन्छ । वर्तमान युगमा ‘चुक्ली’-को महत्त्व व्यापक छ । ‘चुक्ली’ बिना जीवन चल्दैन । बौद्धिक खुराक जतिसुकै रित्तो होस् तर ‘चुक्ली’-को आड लिएर चुक्लीवाल गोबरगणेशहरू आफ्नो कार्यालयमा एक नम्बर खेलाडीका रुपमा सिङसाँढे भइ नै रहेका हुन्छन् । हरिलङ्कक, पटमूर्खलाई चुक्लीले महाविद्वान बनाउँछ । आफ्ना दौंतरीहरू पद र प्रतिष्ठाको सगरमाथामा उक्लेका देख्दा मरिचजस्तै चाउरिनेहरू, आफू त्यति माथि उक्लिन नसक्नेहरूले नै ‘चुक्ली’ गर्नुतिर लाग्छन् । चुक्लीकै बलले फिष्टे कर्मचारी तिनका कार्यालयमा वरिष्ठ अधिकारी रुपमा अनुवाद हुने गर्दछ ।

चुक्ली लाएर आफ्नो दुनो सोझ्याउने चुक्तिवाल व्यक्तित्वलाई सोझा र सरल देखिन्छ । मृदुभाषी । सौम्य र शान्त मुहार । मुख अगाडह्रि ठिक्कै तर पिँठ्यूपछि चुक्लीको धारिलो चक्कुले र ह्वाम्मै रोपरिरहेको हुन्छ । चुक्लीवालको मुखमा घिउ हुन्छ तर पेटमा मोराले ईर्ष्याविष थुपारेको हुन्छ । आफूलाई उछिन्ने कोही देख्यो कि वा अब मेरो टाँट पल्टिने रहेछ भन्न गन्ध वा क्षणक पायो कि पेटभित्र थुपारी राखेको ईर्ष्याविष वमन गरी तपाई विरुद्ध भए नभएका चुक्ली लाएर तपाईलाई छरपष्टै पारिदिन्छ । चुक्लीवालको मुख चटिप्लो हुन्छ तर पेट धमिलो । बाँदरले आफ्नो घर पनि बनाउँदैन, अर्काको घर पनि राख्दैन भनजस्तै चुक्लीवालले न आफू केही गरन सक्छन् न ता अरुले गरेको नै सहन्छन् । माछा देख्दा दुला हात, सर्प देख्दा पाखा हात गर्नमा चुक्लीवाल खप्पीस हुन्छ र जण्डा हुन्छन् ।

चुक्लीवाल चुक्लीमा विश्वास गर्छन् । अन्य विषयमा कुनै कन्याइ हुँदैन । समयमा कार्यालय आउँछन् । अन्य सहकर्मीको तुलनामा उनको अनुपस्थिति थोरै हुन्छ । उनको उपस्थिति देखेर हाकिम गजक्कै । तर हाकिम बाहिर टुरतिर गएका बेला भने उनी चारै बजी कार्यालयबाट टाप लाइहाल्छन् । कसले के भन्ने ? हाकिमका नियरेष्ट र डियरेष्ट मान्छै परै । आफ्नै सहकर्मी विरुद्ध नानाभाँती चुक्ली लाएर-लाएर हाकिमलाई आफ्नो झोलामा हाल्न सक्ने चुक्लीवाललाई इन्द्रेका बाबु चन्द्रे आए पनि केही लछारपटार लाउन सक्ने होइनन् के । चुक्लीवालको चर्तीकला देख्दा साँच्चै चुक्ली सर्वाधिक उपयोगी हतियार हो भन्ने कुरामा म सोह्रै आना आश्वस्त र विश्वस्त छु । थाक्सेको मुख चल्छ, नेवारको हात चल्छ भने झैं यी चुक्लीवालको मुख पनि बेजोड चल्छ । बडो मिलनसार स्वाभावका देखिएतापनि चुक्लीवालको गिदीमा अहर्निश षड्यन्त्र, छलकपट आदिले लेफराइट खेलिरहेको हुन्छ । किनभने चुक्लीवालाले चुकक्ली लाउनु बाहेक अन्य केहीजानेकै हुँदैन । चुक्ली लाउनु भनेको नै आफ्ना हाकिमको प्यारो हुनु हो । नियरेष्ट र डियरेष्ट बनिनु हो । सरकारी वा गैर-सरकारी कार्यालयमा मात्रै चुक्ली लाउने काम हुन्छ भन्ने छैन । राजनीति, साहित्य, संगीत आदिको क्षेत्रमा समेत चुक्लीचाक्ली ( अर्काको कुरा लाउँदै आफू साखी हुने काम, साखिल्लो बन्ने काम) चल्छ । रणमा-वनमा, जलमा-थलमा-आकाशमा समेत चुक्लीवाल जत्ति पाइन्छ । चुक्ली लगाउनु पनि एउटा कलो हो । सबैले चुक्ली लाउन सक्दैन, जान्दैन ।

चुक्ली लाउने कला सिकेर सिकिँदैन । यो वंश परम्पराको दोष हो । वंशमा पहिले कुनै पनि सन्तान चुक्लीवाल भए तिनै सन्तानको रगतको दोष हो । जस्तो बोट त्यस्तै फल भनेको जस्तो । चुक्ली लाउनेको आँखा लोभ मन पापी हुन्छ । बाहिर कसैलाई बिझाउँदैनन् । सबैसित मिठाइलो घनिष्टता देखाउँछन् । मिठो-मसिनो जे छ बाँडचुर गरेर खान्छन् । आन्द्रा -भुँडी दिएकोजस्तो पनि गर्छन् । उनको व्यवहार, आचरणले सबैलाई मक्ख र पक्क पार्छ । आफ्नो आन्द्रा-भुँडी दिएकाजस्तो गर्छन् तर आफ्नै सहकर्मीको आन्द्रा-भुँडी दुहुनुसम्म दुहेर ठिक ठाउँमा पसारिदिन्छन् । तर दुष्ट स्वाभावका यी चुक्लीवाल थाहै नपाई तपाई विरुद्ध हाकिमलाई चुक्ली लाएर तपाईलाई नराम्रो पारिसक्छन् र हाकिम तपाईप्रति दिन प्रतिदिन रुष्ट हुँदै जान्छन् अनि तपाईलाई जहिले पनि शंकाको दृष्टिले हेरिरहेका हुन्छन् । यस्ता चुक्लीवाल खास कुमित्र हुन् । यस्ता स्वाभावका कुमित्रलाई त्यागेकै उत्तम हुन्छ । चाणक्यले पनि भनेकै छन् -

*“परोक्षे कार्यहन्तारं प्रत्यक्षे प्रियवादिनम् ।।*
*वर्जयेत्तादृशं मित्रं विषकुम्भं पयोमुखम ।।”*

अर्थात्,

जुन साथीले पछाडी काम बिगारिदिन्छ सामुन्ने पर्दा मीठो बोली बोल्छ यस्तो साथी विषले भरिएको तर मुखमा दूध राखिएको ठेकीसमान हुन्छ । तसर्थ यस्तो मुखले राम राम बगलीमा छुरा स्वाभावका साथलाई छाड्नुपर्छ, त्यस्ताको संगत गर्नुहुँदैन । लागेको बानी कसले छोड्ने ? एकपल्ट चुक्ली लाउने बानी भएपछि त्यो छोड्नु वा त्याग्नु गाह्रै पर्छ । खास कुरा के हो भने, चुक्ली लाउन थालिएपछि चुक्लीवाल हाकिमको थै-थै हुन्छन् । के खोज्छस कानो आँखो भने झैं हाकिलाई पनि आफ्ना सहकर्मीहरूबारे नालीबेली चाहिएको अनि उनकै चुक्लीवाल सहकर्मीले साँखेचोर भएर चुक्ली लाउन थालेको । वाह... ! चुक्लीवालले श्यावाशी नपाएर कसले श्यावाशी पाउँने होइन र ! हाकिमको नजरमा एकपल्ट चुक्लीवाल हो भन्ने प्रमाणित भएपछि चुक्लीवालले पछि फर्केर हेर्नु पर्दैन ।

चुक्लीवालले गर्दा नै त्यस ठाउँको परिवेश बिग्रेर जान्छ । फेरि जति सपार्ने चेष्टा गर्दा पनि चुक्लीवाल कदाचित सप्रिने छैनन् । यस्ता चुक्लीवालसित पल-पलमै जोगिनुपर्ने हुन्छ । बडासँग लागे गुवा पान, छोटासँग लागे नाक कान भने झैं तपाईको कार्यालयमा पनि चुक्लीवाल कुमित्र छन् भने टकटकाउने काम गरिहाल्नोस् । यस्ता दुष्ट स्वाभावका छुल्याहा कुमित्रसित आन्द्रा गाँस्नुभो भने तपाई पक्कै नाशिनु हुनेछ । लाखेस् ! चाणक्यको ठुङमार्दो यहाँ नराखी सन्तोकै लागेन -

*“दुराचारी दुरादृष्टि: दुरावासी च दुर्जन: ।।*
*यन्मैत्री क्रियते पुभिर्नर: शीघ्रं विनश्यति ।।”*

अर्थात्,

खराब आचरण (आदत) भएको (दुष्ट स्वाभावका), बिना कुनै कारण अर्कालाई हानि पुर्‍याउने खोज्ने, खराब दृष्टि भएको, नराम्रो ठाउँमा बसोबास गर्ने, दुष्ट व्यक्तिसँग मित्रता गर्ने मानिश शीघ्रातिशीघ्र बिग्रन्छ (नाशिन्छ) ।

**-समकालीन साहित्य डटकम**


## सन्तोष चलचित्र मन्दिरमा...




**(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)**

**सन्तोष चलचित्र मन्दिर तानसेनमा असोज ६ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र *नाङ्गो गाउँ ११:१५ बजे, एक भागवत र एक गीता २:१५ बजे र EXPEND4BLES (हिन्दी भाषामा) साँझ ५:१५ बजे ।***


कथा — गीता सापकोटा

## हरिप्रसाद

काठमाडौं सहरमा हुर्किएका मेरा छोराछोरी यहाँको वातावरणमा दिनभरि राम्ररी भुल्छन् । नभुलून् पनि कसरी ? बिहान झिसमिसेदेखि साँझ झमक्क पर्दासम्म हामी बुढाबुढी रोजीरोटीका लागि खट्नु परेकै छ । साँझपख दिदीभाइ एकछिन खेल्छन् । केही समय विद्यालयमा भए गरेका कुरा एकअर्कालाई सुनाउँदै निकै रमाइलो गर्छन् । रातिको खाना खाइसकेपछि केहीबेर गृहकार्यमा लाग्छन् । उनीहरू प्राय: साढे नौ बजेभित्र सुतिसकेका हुन्छन् । मलाई मेरा छोराछोरीको दैनिकी देखेर रमाइलो लाग्छ । छोराछोरी दुबै जना सधैं निधाउनु अगाडि मलाई एउटा कथा भन्न लगाउँछन् । बाबुकै कथाको आनन्द लिएपछि मात्र उनीहरू निधाउने बानी परेका छन् । छोराछोरीका लागि कथा भन्न म पनि तयारी अवस्थामा नै हुन्छु । आज छोराछोरीले सधैं झैं मलाई नयाँ कथा भन्न अनुरोध गरे ।

छोराछोरी ओल्लोपल्लो खाटमा सुतेका थिए । मैले पनि भुईंको गलैंचामा बसेर भित्तामा ढाड राखें र दिनभरिको थकान मेट्दै कथा भन्न थालें । मेरा कथामा हरिप्रसाद पात्र निकै सङघर्षशील थिए । छोराछोरी एकअर्काका आँखा जुधाउँदै मेरो कथा सुन्दै थिए । म भन्दै गएँ, “हरिप्रसाद गरिबको छोरो थियो । उसलाई पढ्न र लेख्न सानैदेखि निकै रुचि थियो । विद्यालय पनि त्यति नजिक थिएन । करिब एकोहोरो विद्यालय जान मात्र डेढ घण्टा लाग्थ्यो । ऊ दैनिक तीन घण्टाको बाटो ओहोरदोहोर गरेर पढ्ने गर्थ्यो ।” मैले हरिप्रसादको कथा भन्दै गर्दा छोरीले सोधी, “अनि बाबा, त्यति लामो बाटो ऊ बस चढेर गएको भए हुन्थ्यो नि त ।” “हैन, उसको घर दुर्गम गाउँमा थियो । त्यहाँ बस चढ्नका लागि बाटाघाटा थिएन । उसले त साँच्चै भन्नु पर्दा बस नै देखेको थिएन ।” मैले भनें । छोरोले फेरि प्रश्न सोध्यो, “बाबा, ऊ मामाघर जाँदा त पक्कै बस चढ्थ्यो होला नि !” म छोराको जिज्ञासा सुनेर मुसुक्क मुस्कुराएँ । उनीहरुलाई लाग्यो, बाबाले त्यतिकै कथा बनाउँदै हुनुहुन्छ । तर यी सबै यथार्थ थिए । मैले भनें, “हेर बाबु, उसको मामाघर पनि अर्को त्यस्तै दुर्गम गाउँमा थियो । दिनभरि हिँडेपछि बल्ल बल्ल राती मात्र मामाघर पुगिन्थ्यो । उनीहरूले हिँड्ने बाटामा कतै गाडी चल्दैन थियो ।” बाबाका कथा सुनेर दुबै जनाले कान ठाडा पारे । आँखा तन्काएर हेराहेर गरे । उनीहरूमा एकप्रकारको आश्यर्चको भाव प्रटक भइरहेको थियो । छोरीले फेरि सोधिन्, “अनि के भो बाबा ?” “हरिप्रसाद यसरी नै वर्षौंवर्ष स्कुल गइरह्यो । ऊ पढाइमा निकै अब्बल थियो । राम्ररी सबै कक्षामा उत्तीर्ण हुँदै गयो । त्यसपछि ऊ एसईई परीक्षामा पनि राम्ररी सफल भयो । उसको घरमा अरू दाइदिदीहरू पढेलेखेका थिएनन् । तर घरको कान्छो हरिप्रसादले एसईई पास गर्दा सबै खुसी भए ।” “त्यसपछि के भयो बाबा ?” छोरीले हतारहतार प्रश्न सोधी । मैले भन्दै गएँ, “त्यसपछि हरिप्रसादलाई माथिल्लो कक्षामा पढ्नका लागि सहर जानुपर्ने भयो । उसलाई पढ्न पठाउन बाबाआमासँग पैसा थिएन । गरिब परिवार, दिनहुँ बनिबुतो गरेर दुईछाक टार्थे । हरिप्रसादका लागि सहरको पढाइ आकाशकै फल हुने स्थिति भयो । उसलाई निकै छटपट्टी भयो । केही दिन निदाउन सकेन । एकदिन उसकै विद्यालयका हेडमास्टर उसको घरमा आइपुगे । हरिप्रसादको अबको पढाइका बारे सोधे । हरिप्रसादका बाबाले सहरमा पठाउने हैसियत नभएको गुनासो गरे । अरू कोही केही बोलेनन् । हेडमास्टरले आफ्नै सालो सहरमा भएको हुँदा त्यहाँ बिहान-बेलुका काम सघाएर पढ्ने व्यवस्था मिलाइदिने कुरा गरे । उनको कुराले सबैलाई राहतको अनुभव भयो । हरिप्रसादको अनुहारमा खुसीको प्रकाश छायो । त्यसको हप्ता दिनपछि हरिप्रसाद काठमाडौंमा पढ्ने उद्देश्यले आयो । उसले काठमाडौंको पुरानो बसपार्कमा आइपुग्न आँटेपछि हेडसरको सालो हेमन्तराजलाई मोबाइलमा फोन गर्यो । हेमन्तराज बसपार्कमा उसलाई लिन गए । रातभरिको यात्राले निकै थाकेर बिहानीपख मात्र हरिप्रसाद काठमाडौं पुगेको थियो । उसले घरबाट लगेको कालो दाल, बेसार र अलिकति खोसार्नी हेमन्तराजकी श्रीमती हेमकलालाई दियो । एकछिन पछि खाना खाएर आराम गर्यो । त्यस दिन त्यतिकै बित्यो । भेलिपल्ट उसको नाम लेख्नका लागि हेमन्तराज र ऊ जयबागेश्वरी माविमा गए । उसको भर्ना गरियो । बिहान १० बजेसम्ममा उसको पढाइ सकिने रहेछ । केही समयपछि उनीहरू त्यहाँबाट निस्किए र पोसाक सिलाउन दिन पसलतिर गए । त्यसपछि पुस्तक पसलमा गएर किताब किनेर कोठामा गए । उसले बाटामा सोच्यो, “ए, बिहानको पढाइ रहेछ, दिनभरि घरमा भएपछि त म मौका मिलाएर राम्ररी पढ्छु । कति फुर्सद हुन्छ, हुन्छ ।” हेमन्तराजको डेरा स्कुलदेखि त्यति टाढा पनि रहेनछ । उसलाई त्यो पनि रमाइलो लाग्यो । घरमा आएपछि हेमन्तराजले हरिप्रसादलाई भयो, “अब विद्यालयको पोसाक बनेपछि मात्र तिमी विद्यालय जानू । आज चाहिँ खाना खाएर हामी एकछिन मेरो फ्याक्ट्रीमा जानुपर्छ ।” हरिप्रसादलाई लाग्यो, “अंकलले आज मलाई कहाँ लान भनेको होला ?” खाना खाएपछि उनीहरू बाहिर गए । दस मिनेट पर अंकलहरूको चप्पल फ्याक्ट्री थियो । त्यहाँ हरिप्रसादलाई पुर्‍याए । त्यहाँ अरु पनि धेरै काम गर्ने कामदार थिए । हरिप्रसादलाई पनि अंकलले फ्याक्ट्रीको काम सिकाए । दिनभरि त्यहीको के के काम गरेर साँझ मात्र घर फर्किए । भोलिपल्टदेखि अंकल र हरिप्रसाद दिनहुँ फ्याक्ट्री जान थाले । दुई हप्तासम्म काम गरिसकेपछि बल्ल बल्ल विद्यालयको पोसाक अंकलले ल्याइदिए । त्यसपछि ऊ बिहानको पढाइका लागि विद्यालय जान थाल्यो । बिहान साढे दस बजेतिर घरमा आएर खाना खाइसकेपछि फेरि चप्पल फ्याक्ट्रीमा काम गर्नुपर्थ्यो । बिचरा ! हरिप्रसादका हातभरि घाउ नै घाउ भएका थिए । उसलाई विद्यालयमा उसका साथीहरूले जिस्काउँथे । ऊ भने आफ्नो दु:ख सम्झिएर निकै दु:खी बन्थ्यो ।” त्यति नै बेला छोरीले भनी, “उसका साथीहरू कस्ता फटाहा रहेछन् नि बाबा !” फेरि छोराले थप्यो, “उनीहरूलाई के थाहा र हरिप्रसादको घरको दु:ख ? त्यही भएर जिस्काएका होलान् नि हैन बाबा !” दुवैको जिज्ञासा मनासिफ थियो । म भन्दै गएँ, “राती आठ बजेसम्म ऊ फ्याक्ट्रीकै काममा व्यस्त हुन थाल्यो । उसलाई कसैले पनि पढ्ने कुरा गर्दैन थिए । उसलाई त्यस बिरानो ठाउँमा लाग्थ्यो, हेर, मान्छे कति स्वार्थी हुँदा रहेछन् । पक्कै पनि यी अंकल आन्टी पढेलेखेका होलान् । यिनीहरूका छोराछोरी बोर्डिङ स्कुलमा पढ्छन् । जतिखेर पढ्ने र खेल्ने मात्र गर्छन् । तर मलाई कतिखेरै पढ् भन्दैनन् । बरु मेरा बुबाआमा, बिचरा कालो अक्षर भैंसी बराबर थियो, उहाँहरूलाई एक अक्षर पढ्न नआए पनि मलाई पढ्न कत्ति प्रेरित गर्थे । दाजुदिदीहरू पनि पढेको देखेर खुसी हुन्थे । यहाँ त मेरो पढाइ बर्बाद हुने भयो ।” हरिप्रसाद केही दिन त निकै चिन्तामा पर्यो । धेरै दिन ऊ दु:खी भयो । तर एकदिन उसले सोच्यो, “म काठमाडौं आउनु नै मेरा लागि अवसर हो । काम नगरी त कसलाई पो पुग्छ र ! अब म विद्यालयमा नै निकै ध्यान दिएर पढ्छु । रातीको समय अलिक बढी नै मिहिनेछ गर्छु । दिउँसो जे जे काम गर्नु परे पनि खुसी भएर गर्छु । मेरा बाआमाको हैसियत अलिक राम्रो थियो भने यस्तो दु:ख हुने थिएन । मैले चाहिँ पढेर केही बन्नै पर्छ ।” हरिप्रसादले राम्रो अंक ल्याउने अठोट गरेर पढ्न थाल्यो । मिहिनेतको फल मिठो हुन्छ भनेको साँच्चै रहेछ । उसले दिनभरि फ्याक्ट्रीमा काम गरेर राती राती निकै मिहिनेत गरेर पढ्यो । नभन्दै कक्षा ११ को पढाइमा ऊ प्रथम भयो । उसलाई अति हौसला भयो । उसले अझै मिहिनेत गर्न थाल्यो । बिस्तारै कक्षा बाह्रको पनि परीक्षा दियो । दुई वर्षपछि ऊ घरमा गयो । घरमा गएर बसेको तीन महिनापछि उसको कक्षा बाह्रको पनि नजिता आएको कुरा उसले रेडियोबाट सुन्यो । हरिप्रसादले भोलिपल्ट बिहानै उसको काठमाडौंको स्कुलमा फोन गर्यो । फोन हेडसरले उठाएका थिए । उनले भने, “बधाई छ हरिप्रसाद, तिमी नै व्यवस्थापन संकायका प्रथम विद्यार्थी भएका छौ । साह्रै राम्रो अंक ल्याएका छौ ।” हेडमास्टरले बधाईसहित नजिता सुनाउँदा हरिप्रसादको हर्षको सीमा रहेन । उसले घरमा सबैलाई सुनायो । सबै जना खुसी भए । हरिप्रसादलाई अझै उच्च शिक्षातिरको पढाइलाई निरन्तरता दिने इच्छा छँदै थियो । केही समयपछि हरिप्रसाद फेरि काठमाडौं फर्कियो । ऊ त्यही अंकल आन्टीको डेरामा पुग्यो । उसले पढाइमा राम्रो गरेको हुँदा अंकलले पनि बधाइ दिए । उसले स्नातक तहका लागि शंखरदेव क्याम्पसमा भर्ना गर्यो । त्यहाँ पनि बिहानी नै पढाइ हुन्थ्यो । दिउँसो उसले पहिला जसरी नै अंकलको फ्याक्ट्रीमा सहयोग गर्दै प्रथम वर्षको परीक्षा दियो । दोस्रो वर्षको पढाइ सुरु भए पछि उसले कामको खोजी गर्यो । ऊ पढाइमा निकै अब्बल र बोलीचाली पनि राम्रो भएको केटो थियो । उसले एउटा निजी बैंकमा काम पायो । हेमन्त अङकलकै घरमा बसेर उसले केही समय जागिर खायो । उसले जागिर खान थालेपछि अंकलको फ्याक्ट्रीमा चाहिँ काम सघाउन भ्याएन । तर उसले तलब आउन थालेपछि तरकारी र मासु आफ्नै पैसाले किनेर ल्याउँथ्यो । साँझको समय अंकलका छोराछोरीलाई पढाउथ्यो । शनिबारको दिन प्राय: अंकलको फ्याक्ट्रीमा काम गर्थ्यो । सकेसम्मको सहयोग गरिरहेकै थियो । हरिप्रसादले जेजस्तो सहयोग गरे पनि आन्टी त्यति खुसी देखिन्न थिइन् । सित्तैमा खान दिनु परेजस्तो गरी उनले नराम्रो व्यवहार गर्न थालेकी थिइन् । करिब तिन महिनापछि चाहिँ अंकलले नै उसलाई डेरा खोजेर छुट्टै बस्न भने । हरिप्रसादलाई त्यहाँबाट निस्किहाल्न मन थिएन । एक्लै बस्ने अनुभव पनि थिएन । तर अंकलले भनेपछि उसले केही दिनमै एउटा कोठा खोजिहाल्यो । कलेजकै नजिक ऊ डेरा गरी बस्न थाल्यो । बिहान कलेजमा पढ्ने दिउँसो जागिर खाने र राती निकै मिहिनेत गरेर पढ्ने उसको दैनिकी थियो । उसले घरमा बाआमा र दाइदिदीको दु:ख सम्झिएर यता मिहिनेत गर्थ्यो । हरिप्रसादको मिहिनेतको फल राम्रो हुँदै गयो । उसले स्नातकमा पनि कलेज टप्न सफल भयो । हरिप्रसादलाई पढ्ने रहर अझै पूरा भएको थिएन । उसले स्नातकोत्तर तहमा पनि भर्ना गर्यो । निजी बैंकमा जागिर खाँदा ऊ सन्तुष्ट थिएन । कतै सरकारी बैंकमा कर्मचारी माग गरिन्छ कि भनेर ऊ दिनहुँ जस्तो पत्रिकामा विज्ञापन पनि हेर्थ्यो । एकदिन उसले नेपाल राष्ट्रिय बैंकमा अधिकृतको आवश्यकता परेको कुरा समाचार पत्रबाट थाहा पायो । त्यसमा परीक्षा लेख्न उसले सुर कस्यो । ऊ जागिर खाँदै त्यस परीक्षाको निकै राम्ररी तयारी गर्न थाल्यो । परीक्षा लेखेको केही महिनापछि उसको नजिता आयो । उसले शाखा अधिकृत पदमा लिखित परीक्षामा एक नम्बरमा नाम निकाल्यो । त्यसपछि अन्तर्वार्तामा पनि ऊ सफल भयो । त्यसपछि ऊ स्नातकोत्तर पढ्दै सरकारी जागिर खान थाल्यो । आजकाल त ऊ बैंकको प्रमुख भएर काम गरिरहेको छ । बाबाको कथा सुनेर छोराले भन्यो, “बाबा हजुर पनि बैंक प्रमुख हुनुहुन्छ । उहाँसँग तपाईंको पनि भेट हुन्छ होला है !” छोरोको कुरा सुनेर मेरो गला अवरुद्ध भयो । फेरि छोरीले पनि उसै गरी प्रश्न सोधी, “भन्नुस् न बाबा, हजुरको त्यो अंकलसँग भेट हुन्छ कि हुँदैन ?” छोराछोरीको कुराले म भावुक बनें । मेरा आँखामा आँसुले छपक्क छोप्यो । छोरीले भनी, “बाबा, हजुरले किन यसरी आँसु निकाल्नु भएको ? कतै त्यो अंकल तपाईंको साथी नै त होइन ?” छोरीका कुरा सुनेर भनें, “तिमीहरु दुबै जना मेरो छेउमा आओ त अनि म भन्छु ।” दुबै जना बाबाको अगाडि उभिए र ‘ल भन्नु’ भनेर बाबाको मुखैमा उनीहरूले कान लगेर उत्तरको प्रतीक्षा गरे । दुबैलाई अंगालो मार्दै मैले भनें, “अहिले तिमीहरु त्यही हरिप्रसादको काखमा बसेका छौ । त्यो हरिप्रसाद मैं हुँ, मैं ।” छोराछोरीले बाबाको कुरा सुनेर हत्त न पत्त बाबालाई हेरे, बाबाका आँखामा आँसु भरिएका थिए । दुबै छोराछोरीले बाबालाई गम्लङ्ग अँगालो हाले र बाबाको आँसु पुच्छै भने, “हजुर हाम्रो महान् बाबा । हजुर हाम्रो हिरो बाबा ।”

**-साहित्यपोष्ट डटकम**

# शिक्षकहरुको आन्दोलन फिर्ता

**पाल्पा,** असोज ५/ असोज ३ गतेदेखि सडकमा उत्रिएका शिक्षकहरुको आन्दोलन फिर्ता भएको छ । शुक्रबार सरकार र आन्दोलन शिक्षकबीच सहमति भएपछि शनिबारदेखि आन्दोलन फिर्ता हुने भएको हो ।

गृह मन्त्रालयमा सरकार र नेपाल शिक्षक महासंघका प्रतिनिधिबीच सहमति भएसँगै आन्दोलन फिर्ता हुने भएको जनाइएको छ । गृह मन्त्रालय स्रोतकाअनुसार संसद्मा दर्ता विद्यालय शिक्षा विधेयक संशोधन गर्ने समझदारी भएको छ । संशोधनका लागि सुझाव दिन शिक्षक महासंघका प्रतिनिधिसहित कार्यदल बन्ने भएको छ । शिक्षकको माग संसदबाटै पूरा गर्ने सरकारले प्रतिबद्धता जनाएपछि शिक्षकले पनि आन्दोलन फिर्ता गर्ने भएको सञ्चारमन्त्री रेखा शर्माले बताईन् । शिक्षा विधेयकमा १८ बुँदे असहमति राख्दै तीन दिनदेखि आन्दोलनमा सहभागी हुन काठमाडौंमा विभिन्न जिल्लाबाट शिक्षक/शिक्षिका पुगेका थिए । संघीय संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका कतिपय प्रावधानप्रति असन्तुष्टि जनाउँदै देशभरका शिक्षकले अनिश्चितकालिन आन्दोलन सुरू गरेका हुन् । सहमतिअनुसार नेपालका सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको मर्यादाक्रम कायम गर्ने,



विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा भएका व्यवस्थाहरुमा संसदको सार्वभौमिकतालाई सम्मान गर्दै संसदीय प्रणाली, अभ्यास र संघीय संसद सञ्चालनसम्बन्धी मौजूदा विधि बमोजिम प्रक्रिया अगाडि बढाउन सहजीकरण गर्नेलगायतमा सहमति जुटेको छ ।

यस्तै शिक्षकको समायोजन, तहगत प्रणाली र आवधिक बढुवाका विषयमा नेपाल शिक्षक महासंघ र विज्ञसमेतको प्रतिनिधित्व हुने गरी अध्ययन समिति गठन गर्ने र समितिको प्रतिवेदन बमोजिम आवश्यक कानूनी प्रबन्ध गर्ने सहमति पनि भएको छ । यस्तै माध्यमिक तहको विशिष्ट श्रेणीमा बढुवाकाको लागि प्रथम श्रेणीमा दश वर्ष सेवा गरेको हुने व्यवस्था गर्ने, प्रारम्भिक बालविकास शिक्षालाई शिक्षाको पुर्वाधारको रुपमा विकास गर्ने र प्रारम्भिक बालविकास सहयोगी कार्यकर्तालाई सामाजीक सुरक्षा कोषमा आवद्ध गर्ने, शिक्षकको दरबन्दी मिलान तथा पद मिलानसम्बन्धी व्यवस्था स्थानीय आवश्यकता, विषयगत व्यवस्था, विद्यार्थी संख्या र विद्यार्थीको पहुँचलाई आधार बनाउनेलगायतका विषयमा पनि सहमति भएको छ । विभिन्न १८ बुँदे माग राख्दै शिक्षक महासंघको अगुवाइमा असोज ३ देखि शिक्षकहरुले विद्यालय शिक्षा विधेयकको विरोधमा राजधानीमा आन्दोलन थालेका थिए । गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा दुई पक्षबीच सिंहदरबारमा वार्ता पछि सहमति भएको थियो ।

# अविरल वर्षाले भत्कियो...

...बागलुङ नगरपालिकाका इञ्जिनियर तथा विपद् शाखाका संयोजक गौरव शर्माले नगरपालिकाले नाली विस्तारका क्रममा कच्ची घरभित्र बर्खाको पानी परेका कारण घर भत्किएको बताउँदै क्षतिपूर्तिको मूल्याङ्कन अनुसार घर बनाउन सहयोग गर्ने बताए । अहिले सापकोटाको घरबाट पुरिएका सामग्री निकाल्न स्थानीयले सहयोग गरिरहेको बालमन्दिर टोल विकास संस्थाका अध्यक्ष खिमराज सापकोटाले बताए । 'सापकोटाको परिवारलाई घर बनाइदिन आवश्यक छ, टोल विकासको समन्वयमा नगरपालिका र जिल्ला प्रशासनमा निवेदन दिएका छौँ', उनले भने, 'घर निर्माणमा सबैको सहयोगको अपेक्षा गरिएको छ ।' सापकोटाका अनुसार टोल विकास संस्था र स्थानीयको सहयोगमा भत्किएको घर पन्छाउने कार्यमा भइरहेको छ । सापकोटालाई रेडक्रस मार्फत खाद्यान्नसमेत उपलब्ध गराइएको छ । *-रासस*


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने पहिलो व्याच सम्मानित



**काठमाडौं,** असोज ५/नेपाल क्रिकेट संघ (क्यान) ले अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो पटक सहभागिता जनाएका नेपाली क्रिकेट टोलीलाई शुक्रबार सम्मान गरेको छ ।

सन् १९९६ देखि अन्तर्राष्ट्रिय खेल खेल्न थालेको नेपालले पहिलोपटक मलेसियामा भएको एसिसी ट्रफी खेलेको थियो । उक्त प्रतियोगितामा सहभागिता जनाउने नेपाली टोलीका सबै खेलाडी र प्रशिक्षकलाई क्यानको केन्द्रीय साधारणसभा तथा अधिवेशनका क्रममा सम्मान गरिएको हो । कार्यबाहक प्रधानमन्त्री एवं उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले उक्तसाधारणसभा शुभारम्भ गर्नाका साथै खेलाडीलाई सम्मानपत्र पनि प्रदान गरे । उनले नेपाली क्रिकेट टोलीले पछिल्लो समयमा उत्कृष्ट खेल प्रदर्शन गरेको भन्दै क्रिकेट खेलको विकास र विस्तारका लागि भौतिक पूर्वाधारको विकास हुन आवश्यक रहेको बताए । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले यस कार्यसमितिले क्षमताले भएसम्म उत्कृष्ट काम गरेको यही कार्यकालमा नेपालले पहिलो पटक एसिया कप खेल्न सफल भएको बताए । सम्मानित हुने खेलाडीमा उत्तमकुमार कर्माचार्य ( तत्कालीन कप्तान), बसन्त शाही ठकुरी, जगतबहादुर टमाटा, लेखबहादुर क्षेत्री, (एलबी) मनिषराज पाण्डे, सन्जय गुरुङ, किरणशम्शेर राणा, राजु खड्का, पवनकुमार अग्रवाल, विशाल गुप्ता, रितेश बराल, पुकार पन्त र मुसरफ इजाहर रहेका छन् ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## आवश्यकता

तानसेन नगरपालिका-२ मेहलधारामा रहेको मेडिकलको लागि एक जना ल्याव असिस्टेन्ट (Lab Assistant) आवश्यक परेकाले योग्य व्यक्तिले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**शिल्पा फर्मा/क्लिनिक**

तानसेन-२, मेहलधारा, पाल्पा

(बेथल बोडिङ्ग स्कुल जाने बाटो नजिकै)

सम्पर्क नं. : ९८४५१७५६८६

नशा तथा मनोरोग विशेषज्ञ डा.भास्कर शर्माद्वारा विशेष उपचार गरिन्छ ।


## कर्पोरेट/अर्थ समाचार

# यामाहा टोली भारत प्रस्थान




**पाल्पा,** असोज ५/यामाहा प्रशंसक र उत्साही बाइकर साहसिक अनुभवका लागि पहिलो मोटोजीपी इण्डियाको रोमाञ्चक दृश्यावलोकन गर्न त्यसतर्फ प्रस्थान गरेका छन् । नोएडामा २४ सेप्टेम्बरमा हुने बुद्ध सर्किटमा सहभागी हुन नौजना यामाहा प्रशंसक र उत्साही बाइकरहरू त्यसतर्फ प्रस्थान गरेका हुन् ।

राइडर्स टोलीले २३ र २४ सेप्टेम्बरमा रेसको अनुभव लिनेछ र २७ सेप्टेम्बरमा सोही बाटो भएर काठमाडौं फर्किनेछ । यामाहाले नेपालमा रेसिङ संस्कृतिको परिचय गराई यसको विकास र प्रवर्द्धन गर्न निरन्तर रूपमा काम गरिरहेको छ । आफ्नो उद्देश्य अनुरूप नै यामाहाले रेसिङ स्पोर्टसलाई प्रतिबिम्बित गर्ने धेरै इभेन्टसँग आफ्नो आवद्धता कायम राख्दै यसको प्रवर्द्धनसमेत गरेको छ । कार्यक्रमले यामाहा मोटरसाइकलको पराक्रम मात्र देखाउँदैन बरू खुल्ला सडकमा ब्राण्डप्रतिको माया अभिव्यक्त गर्ने राइडरको जोशलाई उत्सवका रूपमा पनि मनाउँछ ।

छानिएका राइडरमा संग्राम पुडासैनी, सुरेश जिसी, माइकल थापा, रुपेश पण्डित, राजकुमार कुशवाहा, अर्जित महर्जन, राजकुमार कार्की र तारा खड्का तथा मार्सलका रूपमा प्रमोद श्रेष्ठ रहेको जनाइएको छरु। यामाहा राइड टु मोटोजिपीमा सहभागिताका लागि ठूलो संख्यामा आवेदन परेको कम्पनीले जनाएको छ तर, सीमित सिट भएकाले आठजना मात्रै छनोट गरिएको हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई

स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री स्वस्तिमा खड्कालाई इन्स्टाग्राममा पछ्याउनको संख्या १० लाख नाघेको छ । बुधबार उनलाई पछ्याउनेको संख्या त्यति पुगेको हो । नेपाली फिल्म अभिनेत्रीतर्फ इन्स्टाग्राममा धेरै पछ्याइने अभिनेत्रीतर्फ अदिती बुढाथोकी २.३ मिलियन (२३ लाख) पहिलो र दोस्रोमा प्रियंका कार्कीलाई १.१ मिलियन (११ लाख)ले पछ्याएका छन् । इन्स्टाग्रामको यो फलोअर्सले सेलिब्रेटीको लोकप्रियता र स्टारडमलाई दर्शाउँछ । फेसनमा समेत रुचि राख्ने स्वस्तिमा पछिल्लो समय विज्ञापन र फिल्ममा व्यस्त छिन् ।

**आजको विचार...**



सरकार... (दुई पेजमा)

नारायण तिमिल्सेना



गायिका अन्जु पन्त र गायक पदम राईको आवाजमा 'बाटो घुमाउरो बाटो उकालो' रिलिज गरिएको छ । केही समय अघि मात्र रिलिज गरिएको गीतमा दिपक शर्माको शब्द, संगीत र एरेन्ज समावेश छ । गम्भीर बिस्टको कन्सेप्ट, कोरियोग्राफी र निर्देशन रहेको भिडियोमा एलिशा राई, पदम राई, सरोज प्रजा बिना राउत,सुरेश देवल, पृन्सिका श्रेष्ठको अभिनय देख्न सकिन्छ । नवराज उप्रेतीको छाँयाकन रहेको भिडियोलाई प्रवीण भाटले सम्पादन र रेनिश फागोले कलरिङ गरेका हुन् ।

❐ वर्ष २९ ❐ अंक ६८ ❐ २०८० असोज ६ गते शनिबार 23 September 2023, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### प्रदर्शन गर्ने विद्यार्थी पक्राउ

**पाल्पा,** असोज ५/सिंहदरबार अगाडि प्रदर्शनमा उत्रिएका क्रान्तिकारी नेकपा माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीका १७ जनालाई प्रहरीले पक्राउ गरेको छ । विद्यालय शिक्षा विधेयकको विरोधमा शुक्रबार दिउँसो सिंहदबार अगाडि प्रदर्शनमा उत्रिएपछि प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिइएको हो । उनीहरुले शिक्षकको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै प्रदर्शनमा उत्रिएका थिए । विद्यालय शिक्षा सम्बन्धी विधेयकको विरोधमा शिक्षकहरुले गरेको आन्दोलनप्रति समर्थन जनाउँदै सिंहदरबारको दक्षिण गेटमा प्रदर्शन गर्न खोज्दा अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल लगायतलाई प्रहरीले नियन्त्रणमा लिएको हो । विद्यालय शिक्षा सम्बन्धी विधेयकको विरोध गर्दै उनीहरुले शिक्षामन्त्रीको राजीनामा माग गर्दै नाराबाजी गरेका थिए । यसैबीच, प्रहरीले आन्दोलनको समाचार संकलन गर्न गएका सञ्चारकर्मीलाई दुर्व्यवहार र हातपात गरेका छन् । विद्यार्थीहरूको आन्दोलनको दृश्य कैद गर्ने क्रममा सूचना विभागद्वारा जारी गरिएको परिचयपत्र देखाउँदा प्रहरीले दुर्व्यवहार र हातपात गरेको हो । सरकारले संसदमा पेश गरेको विद्यालय शिक्षा विधेयकविरुद्ध देशभरका शिक्षकहरू बुधबारदेखि काठमाडौं केन्द्रित आन्दोलन जारी राखेका छन् । उनीहरू १८ बुँदे माग राखेर आन्दोलित बनेका हुन् ।

चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं ।

चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।

मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## संविधान घोषणाको आठ वर्ष

# कार्यान्वयन सुस्त, जनतामा निरासा

**हाम्रा संवाददाता—**

**पाल्पा,** असोज ५/संविधानसभाबाट नेपालको संविधान घोषणा भएको आठ वर्ष पूरा भएको छ । ३ असोज ०७२ मा दोस्रो संविधानसभाका ९० प्रतिशत बढी जनप्रतिनिधिको समर्थनमा 'नेपालको संविधान' घोषणा भएको हो ।

संविधान आएको आठ वर्ष भइसक्दासम्म कार्यान्वयनको पाटो अत्यन्त सुस्त रहेको छ । अहिलेसम्म जनताले स्थानीय सरकारबाट प्रभावकारी सेवा पाउन सकेका छैनन् । संविधानको धारा ५६ (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख छ तर, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनिसकेका छैनन् । संघीय निजामती कर्मचारी सम्बन्धी ऐन नआउँदा प्रदेश कानुनहरू बन्न सकेका छैनन् । जसको परिणाम प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमै चुनौती छ । संविधानले अधिकार दिए पनि संघीय कानुन, कर्मचारी, प्रहरी जनशक्ति लगायत अभावले प्रदेशले राम्रो सेवा प्रवाह गर्न





सकेका छैनन् । तिनै समस्याहरूबाट स्थानीय तह पनि जुधिरहेका छन् । अपेक्षाकृत परिणाम दुवै संस्थाले दिन सकिरहेका छैनन् ।

संविधानमा बहुमत प्राप्त राजनीतिक दलले सरकार चलाउने उल्लेख गरिएको छ तर हामीकहाँ बहुमत प्राप्त दल नै यति कमजोर भइदियो कि, उसले सरकार सञ्चालन गर्नै सकेन । जनमतको भावना विपरीत गठबन्धनको सरकार बन्नु संविधानको मर्म थिएन । बहुमत प्राप्त दल एक अवधि नटिक्नु र नटिकाउनुका पछाडीका सत्ताको खेल नै प्रमुख कारक हो । यो संविधानको मर्म विपरीतको अवस्था हो । सदन भंग गरेर होस् वा चलिरहेको सदन अन्त्य गरेर होस् । दुवै प्रकारले ल्याइएका अध्यादेश संवैधानिक मर्मविपरीतका अभ्यासहरू हुन् । प्रधानमन्त्रीदेखि राष्ट्रपति समेतले गरेका काम कारवाही न्यायिक निरुपण हुँदा गलत सावित भएर उल्टिएका अनेकौं दृष्टान्तहरु छन् ।

संविधान प्राप्तिका लागि लडेका सबै शक्ति जनअपेक्षा अनुसार सुशासन र विकासमा समर्पित हुन सकिरहेका छैनन् । जनचाहना अनुरुपको संविधान र त्यसमा आधारित निर्वाचन भएर मुलुकमा बहुमतको सरकार बने पनि पाँच वर्ष टिक्न सकेन । जसबाट आम जनता निरास बनेका छन् । आठ वर्षको अवधिमा संविधानले निश्चित दिशा समात्न नसकेको देख्छन् राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाका नेता देवेन्द्रबहादुर रायमाझी । 'संविधान जति आशालाग्दो छ, कार्यान्वयनको अवस्था त्यस्तो छैन,' उनले भने । संविधान सफल नहुनुमा राजनीतिक दल र उनीहरुको ईच्छाशक्ति बाधक बन्दै गएको रायमाझीको भनाई छ । राजनीतिक दलहरुले संविधानको मर्म विपरीत कार्य गर्दै गएकाले जनतामा निरास छाएको उनले बताए । रायमाझी भन्छन् 'संविधानले जनताको आवश्यकता र अधिकारहरुलाई सुनिश्चित गर्नुपर्छ ।' उनले सरकारले नागरिकका आवश्यकता र विकासको प्राथमिकतालाई छुट्याउन नसकेको बताए । सुशासन र आर्थिक समृद्धिका नारा दिने सरकारले नागरिकलाई निरासा मात्रै दिएको उनको आरोप छ ।

# अविरल वर्षाले भत्कियो घर, परिवार विस्थापित

**गलकोट (बागलुङ),** असोज ५/ बागलुङ नगरपालिका-१ मरेपीपलमा वर्षाका कारण एक घर भत्केर पूर्णरुपमा क्षतिग्रस्त बनेको छ । नाली निर्माणका क्रममा खनिएको जगमा अविरल वर्षाका कारण घर पूर्णरुपमा भत्किएर परिवार विस्थापित भएको छ । नाली निर्माणका क्रममा चर्किएको घर विहीबार रातिको वर्षाका कारण पूर्णरुपमा भत्किएको हो ।

बागलुङ नगरपालिकाले अहिले मरेपीपलमा अतिक्रमण सडकमा भएका संरचना हटाउने तथा सडक बिस्तार गर्ने र नाली निर्माण गरिरहेको छ । नाली विस्तारका लागि जग खन्नेक्रममा भारी वर्षा भएपछि नालीको पानी घरमा पसेर घर भत्किएको हो । नाली निर्माण गर्दा जोखिममा परेको घर वर्षाको पानीले स्थानीय भगवती सापकोटाको घर भत्किएको हो । दुईतले कच्ची घर भत्किएपछि छिमेकीको घरमा आश्रय लिएर बसेको सापकोटाले बताइन् । आर्थिक अवस्था न्यून रहेको



फाइल फोटो

सापकोटाको परिवार विस्थापित भएपछि बागलुङ नगरपलिकाले घर निर्माणमा सहयोग पुऱ्याउने आश्वासन दिएको छ । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले भत्किएको घरको स्थलगत अनुगमन गरेका थिए । खड्काले विपन्न समुदायलाई घर बनाउन विपद् शाखामार्फत सहयोग गरिरहेको बताउँदै सापकोटाको घर निर्माणमा बागलुङ नगरपालिकाको क्षमताअनुसार सहयोग गर्नेगरी कार्यपालिकाको बैठकमा लैजाने बताए । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बढ्दो आपराधिक घटना रोक

नेपालमा आपराधिक घटनाहरु बढ्दै गएका छन् । सरकारले आपराधिक घटना रोकथाम गर्ने प्रतिबद्धता जनाइरहँदा पछिल्ला वर्षहरूमा यस्ता घटना झन्झन् जटिल बन्दै गएका हुन् । जनचेतना अभाव, अशिक्षा, कुसंस्कारजन्य बेथिति, गरिबी, बेरोजगारी, आर्थिक लेनदेन, बदलाको भाव, रिसइबी, झै-झगडा लगायत कारणले हत्याहिंसा जस्ता जघन्य अपराध हुने गरेको प्रहरी तथ्यांकले देखाउँछ । अधिकांश आपराधिक घटना पारिवारिक लेनदेन तथा रिसइबीका कारण हुने गरेका छन् । केही दिन अघि नेपालको संघीय राजधानी काठमाडौंको तीनकुनेस्थित गैह्रीगाउँमा एकै परिवारका तीनसहित चार जनाको वीभत्स ढङ्गले हत्या भयो । हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले एक जनालाई पक्राउ गरे पनि घटनाको यकिन कारण खुलेको छैन । यो एक प्रतिनिधि घटना मात्रै हो । संघीय राजधानी जस्तो ठाउँमा दिन दिनदहाडै हत्या हुनुले राजधानीको सुरक्षा व्यवस्था सोंचे जति मजबुत नभएको प्रष्ट हुन्छ । राजधानी यस्तो सार्वजनिक ठाउँ हो, जहाँ मानिस आउने-जाने क्रम भइरहन्छ, सुरक्षा समेत बाक्लो रहन्छ  तर पनि यस्तो ठाउँमा कुनै व्यक्ति सजिलै मान्छेको ज्यानै लिन सफल हुन्छ भने यस्तो अवस्थालाई सुरक्षाका दृष्टिले उचित मान्नै सकिन्न । हुन त जहिले पनि अपराध गर्नेहरू कानुन-नियम र सुरक्षा संयन्त्र भन्दा एक पाइला अगाडि हुने गर्छन् ।

केही वर्षअघि भारतमा पेसेबर अपराधीहरूले यस्ता घटना गराएको सुनिन्थे । अहिले यस्ता घटना नेपालमै घटिरहेका पाइन्छन् । नेपालमा पछिल्लो समय विभत्स अपराधका घट्ना बढ्दै जानुमा यसका पछाडी विभिन्न कारण जिम्मेवार हुन सक्छन् । आर्थिक संकटले उत्पन्न परिस्थिति, आर्थिक कारोबारमा विवाद, व्यक्तिगत रिसइबी, प्रतिशोध, घर-जग्गा लगायत सम्पत्तिमा विवाद, मादक पदार्थ सेवन, जातीय भेदभाव, सामाजिक सञ्जालको दुरुपयोग, गोपनीयता भङ्ग हुनु,यौन उन्माद, युवामा नैराश्यता, बेरोजगारी, फुर्सदिलो समयजस्ता थुप्रै कारणले हत्याका घटनामा वृद्धि भइरहेका छन् । जे जस्ता कारण जिम्मेवार भए पनि अपराध कर्मलाई कुनै पनि हिसाबले स्वीकार गर्न सकिँदैन । जघन्य अपराधका दोषीलाई त जुनसुकै सजाय पनि मुनासिव हुन्छ । घटनामा सामान्य मानिस हत्याको शिकार हुनु चिन्ताको विषय हो । यसर्थ यस्ता घटनाहरु रोक्ने विषयमा सरकार गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

तिमी जस्ता झारे पुतली नै हो बत्तीको उज्यालो खोज्नुपर्ने त ।
न त हेर न जुनकिरीको प्राकृतिक उज्यालो कसैले फाल्न सक्छ ? कि सक्छौ र ?
*(मिला दरैको फेसबुक स्टाटस https://www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकार र संघीयता : कति सफल कति असफल ?



**नारायण तिमिल्सेना**

***सबै प्रदेशमा अध्यादेशबाट कानुन ल्याइएका छन् तर ति कानुन पनि सबै प्रदेशमा एकरुपता छैन । संघीय कानुन जारी भए पश्चात फेरी परिवर्तन गर्नु पर्छ । यता स्थानीय तहमा भने काम गर्ने कर्मचारीहरु थप अन्यौलमा परेका छन् । अहिले स्थानीय तहमा दश प्रकारका कर्मचारीहरु कार्यरत छन् । संघीय कर्मचारी, संघबाट समायोजन भएर आएका कर्मचारी, संघबाट स्थानीय तहका लागि लोक सेवा आयोग उत्तीर्ण गरेका कर्मचारी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस कर्मचारी, साविक जिविसका स्थायी कर्मचारी, अस्थायी कर्मचारी, कार्यक्रमबाट राखिएका कर्मचारी, पालिकाबाट नियुक्त करार कर्मचारी लगायतका कर्मचारी कार्यरत छन् ।***

राज्यको शासकीय शक्ति दुई वा सोभन्दा बढी तहको सरकारबाट अभ्यास गरिने शासकीय पद्धति नै संघीय शासन प्रणाली हो । संघीय शासन प्रणालीमा राज्यको सार्वभौम शक्ति संविधानबाट नै सरकारका तहहरूबीच बाँडफाँड गरिएको हुन्छ । संघीयताको मोडेलअनुसार एकल रूपमा प्रयोग गर्ने र साझा रूपमा प्रयोग गर्ने अधिकारलाई संविधानद्वारा नै स्पष्ट परिभाषित गरिएको हुन्छ । यसरी एकल रूपमा प्रयोग गर्ने गरी प्रदान गरिएको अधिकारमा सम्बन्धित तहका सरकार स्वायत्त हुन्छन् भने साझा अधिकारका विषयमा समन्वय र सहकार्य गरेर शासन सञ्चालन गर्ने व्यवस्था गरिएको हुन्छ, त्यसैले संघीय शासन प्रणाली स्वशासन र साझा शासनको संयोजित रूप हो । ठूला र साना दुवैखाले भौगोलिक स्थिति भएका मुलुकमा संघीयताको सफल अभ्यास भएको छ । नेपालमा संघीय शासन प्रणालीको कार्यान्वयन अभ्यासकै क्रममा छ । यसर्थ यहाँ सरकार र संघीयताको अभ्यासका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालको संविधान जारी भएको आठ वर्ष पूरा भएको छ । नेपालले संविधानमार्फत संघीयता पायो, गणतन्त्र संस्थागत गरायो । काठमाडौंको सिहं दरबार घर-घरमा पुऱ्यायो, लोकतान्त्रिक देश हो भनि परिभाषित पनि गऱ्यो तर वास्तविक लोकतन्त्रको आभाष भने पुऱ्याउन सकेन् । संविधान देशको मूल कानुन हो । यही संविधानमा टेकेर आज सबै कानुन बनि सक्नु पर्थ्यो तर संघीयता कार्यान्वयनका हिमायती कर्मचारीहरु कै कानुन बनाउन सकेको छैन् । निजामती कर्मचारीहरु नै आफ्नो कानुन पाउन सकेका छैनन् । संघीयता र लोकतन्त्रले सेवा प्रदायक नै सन्तुष्ट छैनन् भने लोकतन्त्र सफल भएको कसरी मान्न सकिन्छ । आज देशमा एउटा संघीय सरकार, सात वटा प्रदेश सरकार र सात सय त्रिपन्नवटा स्थानीय सरकार गरी जम्मा सात सय एकसट्ठी सरकार छन् । यतिका धेरै सरकारबाट राज्य सञ्चालन भए पनि जनता मैत्री राज्य बन्न नसकेको स्पष्ट देखिन्छ ।

संघीय निजामती कर्मचारी ऐनसँग नबाजिने गरी प्रदेश निजामती ऐन जारी गर्नुपर्छ र संघीय तथा प्रदेश निजामती ऐनसँग नबाजिने गरी स्थानीय सेवा ऐन जारी गर्नु पर्ने कानुनी प्रावधान छ तर अहिले सम्म संघीय निजामती ऐन आउन नसक्नाले कर्मचारीहरु सरकारप्रति असन्तुष्ट बन्दै गएका छन् । सबै प्रदेशमा अध्यादेशबाट कानुन ल्याइएका छन् तर ति कानुन पनि सबै प्रदेशमा एकरुपता छैन । संघीय कानुन जारी भए पश्चात फेरी परिवर्तन गर्नु पर्छ । यता स्थानीय तहमा भने काम गर्ने कर्मचारीहरु थप अन्यौलमा परेका छन् । अहिले स्थानीय तहमा दश प्रकारका कर्मचारीहरु कार्यरत छन् । संघीय कर्मचारी, संघबाट समायोजन भएर आएका कर्मचारी, संघबाट स्थानीय तहका लागि लोक सेवा आयोग उत्तीर्ण गरेका कर्मचारी, प्रदेश लोक सेवा आयोगबाट सिफारीस कर्मचारी, साविक जिविसका स्थायी कर्मचारी, अस्थायी कर्मचारी, कार्यक्रमबाट राखिएका कर्मचारी, पालिकाबाट नियुक्त करार कर्मचारी लगायतका कर्मचारी कार्यरत छन् । यिनी सबै प्रकारका कर्मचारीलाई सम्बोधन गर्ने गरी कानुन आउन नसक्नाले कर्मचारीहरु उत्साहित भई सेवा प्रवाह गर्न सकेका छैनन् । स्थानीय तहले आशा राखे अनुरुप कानुनको मस्यौदा बन्न नसेकेकै कारण कर्मचारीहरु आन्दोलित हुँदै गएका छन् । आन्दोलनका लागि थप संगठित बन्दै गएका छन् ।

कर्मचारी मात्रै नभएर शिक्षकहरुको पनि अवस्था उस्तै रहेको छ । सत्र किसिमका कर्मचारी समाहित रहेको विद्यालय क्षेत्रको अवस्था पनि लथालिङ्ग देखिन्छ । करीब एक लाख भन्दा बढी शिक्षकहरु काठमाडौंमा आफ्ना मागहरु राखी आन्दोलनमा उत्रिएका छन् । सरकारबाट आफ्ना मातहतमा राखेका मागहरुको सम्बोधन गर्न नसक्नुलाई सरकारको असफलता वा संघीयता असफलता मान्ने सोंचनीय रहेको छ । शिक्षक हुन वा कर्मचारी जुन कुनै क्षेत्रका ऐन कानुनको मस्यौदा तयार गरिँदा आफ्नो भन्दा तल्ला तहमा कार्यरत कर्मचारीलाई दबाउनै पर्ने सोंच रही रहँदासम्म  देशमा कार्यरत कर्मचारीहरु खुशी हुने अवस्था आउदैन । एउटै पाठ्यक्रम पढेर समान तहका परीक्षा र समान किसिमका परीक्षा उर्त्तिण गरेका कर्मचारी माथि राज्यले गर्ने विभेद राम्रो हुँदै होइन । आज राष्ट्रसेवक कर्मचारी उत्साहित हुन नसक्नु, सरकारी शिक्षक आन्दोलन मै हुमिन परेको अवस्था छ । सिमित वर्ग र तहमा रहेका कर्मचारीले मात्रै सेवा प्रवाह गर्दैमा राज्य चल्दैनन् । राज्यमा सेवा प्रवाह गर्न सबै तहका र क्षेत्रका कर्मचारी आवश्यक पर्छ । जे माग राखेर राजनीति गरे ति राजनीतिक दलले पनि आफ्नो मार्ग मोडेका छन् । आफ्नै शक्ति र स्वार्थमा मात्रै लिप्त बन्न थालेपछि कसैले विश्वास गर्नु परेन अनि आशा पनि राख्नु परेन । आज राज्य प्रति वितृष्णा पैदा हुँदै गएको स्पष्ट देखिदै गएको छ । कर्मचारी शिक्षक मात्रै होइन युवाहरुले समेत देशमा आफ्नो भविष्य देख्न छाडिसकेका छन् । विद्यालय कलेजमा भन्दा धेरै भिड कन्सल्टेन्सीमा देखिन्छ । अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको युवाहरुको भिडले सायदै मन चसक्क नहुने कोही हुँदैन् । आज मेरो देश विदेश दौडिएको छ । नेपाल आमाले आफ्ना छोरा अन्तै पठाएकी छन् । रेमिटेन्समा देश रमाउनु भन्दा युवाको श्रम र पसिना देशमै राख्न सके सबैको मन खुसी हुने थियो । अर्थतन्त्रमा समेत सकारात्मकता आउने थियो ।

खाडी मुलुक र कोरीया तिर गएका युवा त फर्किन्छन् तर युरोपियन, अष्ट्रेलियन र अमेरिकी देशमा गएका युवा फर्किएको विरलै भेटिन्छ । के युवाहरुको भविष्य ति देशले मात्रै सुरक्षित गर्नुपर्छ वा हाम्रो देशले पनि सोंच्नु पर्छ ? विद्यार्थी भिषामा भासिएका युवा आफू मात्रै जाँदैन कलेज फी को बहानामा पैसा पनि बुझाउनु पर्छ । विश्वका ति देशले विश्व विद्यालय अनि कलेज बचाएका छन्, त्यहाँका शैक्षिक रोजगार बनाएका छन् र समान गरिमा भएका हाम्रा विश्व विद्यालयलाई बचाउन कस्ले सोच्नु पर्ने हो ? राज्य दिनानु दिन खस्किदो अवस्थामा पुग्दा संघीयता र लोकतन्त्र सफल मान्ने कि असफल ? पुँजीवाद अवलम्बन गरेका विश्वका धेरै देश आज सफल छन् अनि समाजवाद मात्रै अवलम्बन गरेका कैयन देशहरु पनि सफल भएका उदाहरणहरु छन् । सफलता र आर्थिक उपलब्धीवाद मा मात्रै केन्द्रीत छैन । कुन देश कति सफल हुने भन्ने कुरा अवस्था र व्यवस्थाले मात्रै होइन रहेछ । कुनै समयमा नेपाल भन्दा कमजोर अर्थतन्त्र भएका देशहरु आज विश्वमा अर्थतन्त्रमा नेतृत्व गर्न पुगि सकेका छन् । सफलता त देशका युवाहरु प्रतिको लगानी, कर्म गर्नेहरुको परीश्रम, लगनशिलता र इमान्दारीतामा भर पर्छ । राज्यका जुन सुकै क्षेत्रमा काम गर्नेहरुको मनोबल उच्च गराउने, हौसिएर काम गर्ने र आफ्ना कर्ममा विश्वास गर्ने अवस्था आएमा मात्र सबलीकरण सम्भव होला । उक्त वातावरण सिर्जना गराउने कसले हो ? कर्मचारीतन्त्रले वा राजनीति गर्ने राजनितिक नेता अनि दलले ? कसले रोकेको छ देश प्रति काम गर्न र सोंच बनाउन ? कि त नसकेर हो वा नजानेर जे भए पनि राज्य प्रति सबैको उदासिनताले सरकार अनि देश उकालो लागेको महशुस हुन सकेको छैन् । संघीयताले राज्य बन्छ भन्ने विश्वास आउन सकेकै छैन ।

विश्वका अधिकांश आँकडामा नेपाल पछाडी देखिन्छ । भ्रष्टचार सुचांकमा होस् वा बलियो पासपोर्ट, मानव विकास सुचांकमा होस वा विश्वको खुसी सुचांकमा नेपालको नाम अगाडिबाट भन्दा पछाडीबाट खोज्दा छिटो भेटिन्छ । यो अवस्था कहिलेसम्म रहला यसको उत्तर कसले दिने ? दश वर्ष अगाडि विश्वमा उही स्थान ओगट्ने देशको अवस्थामा सुधारउन्मुख नहुनुले लोकतन्त्र अनि संघीयताले जनतामा यथोचित फाइदा पुगेको कसरी भन्न सकिन्छ । देश भित्रै बसेर रोजगार गर्ने हुन वा व्यावसायमा हात हाल्ने हुन यिनि सबैले राज्यको मुक्त कुण्ठले प्रशंसा गर्ने वातावरण गराउन किन सकिदैन ? यो बनाउन असम्भव हो वा बनाउन खोजिदैन ? देश भित्रै बसेर क्षमता अनुसार काम गर्न खोज्दा काम पाउने वातावरण बनाउने जिम्मेवारी कसको हो ? जिम्मेवारको हो चिनिएन, कि पदमा पुगे पछि आफ्नै भूमिका बिर्सिन्छन् । जे होस जनताले इच्छा राखे बमोजिम सरकार नचल्नुले समग्रमा सरकार अनि संघीयता माथि अविश्वास पैदा हुँदै गएको छ ।

सरकारमा नपुग्दै धेरै कुरा गर्न सक्ने नेतृत्वले सरकारको जिम्मा सम्हाले पछि कुनै न कुनै काण्डको सामना गर्नै पर्ने रहेछ ।आशा अनि भरोसा गरिएका नेता अनि नेतृत्वले मुल बाटो छोडेर व्यक्तिगत स्वार्थमा लिप्त भएपछि समग्रमा न त देशमा लोकतन्त्र संस्थागत हुन पुग्दछ न त जनताबाट विश्वास लिन सकिन्छ । विस्तारै जनताको मनमा राजनीतिक दलप्रति वितृष्णा आउनु स्वाभाविक हो । त्यसैले बोल्नेले कुरा पुरा गर्नु पर्छ वा गर्न सक्ने मात्र बोल्नु राम्रो हुन्छ । सबैलाई समेट्ने र चित्त बुझ्ने गरी थितिको नीति नबन्ने र विधिले सरकार नचल्ने हो भने  बास्तविक लोकतन्त्रको अनुभुति जनताले गर्न पाउँदैनन् र संघीयताको मर्म भेट्न पनि सकिदैन ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । नयाँ जिम्मेवारी पाइएला । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । |
| **वृष** : कीर्तिमानी काम गर्ने समय छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **मिथुन** : अनावश्यक ठाउँमा धन खर्च होला । वैदेशिक क्षेत्र कमजोर रहनेछ । | **धनु** : खानपिनमा विचार पुर्याउनु पर्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : पुरानो समस्या सुल्झाउन सकिनेछ । सन्तान सुख पनि मिल्ला । | **मकर** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । |
| **सिंह** : दैनिक कार्यमा प्रगति हुनेछ । प्रेममा मधुरता पनि छाउनेछ । | **कुम्भ** : उमङ्गको कमी हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भईदैन । |
| **कन्या** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **मीन** : मनोरञ्जनमा सहभागी भइएला । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । |

# साहित्य दर्पण

हाँस्यव्यङ्ग्य

कृष्ण प्रधान

## चुक्ली + चुक्लीवाल = छुल्याहा

भए नभएको बुँदा समेटी अर्काको बारेमा कुरो लगाउने कामलाई 'चुक्ली' भनिन्छ । आफू सर्वश्रेष्ठा हुन अनि आफ्नै लङ्गोटिया यारहरूलाई सर्वनिकृष्ट बनाउन खोज्ने छुल्याहालाई 'चुक्लीवाल', 'पोलाहा', 'साँखेचोर' भनिन्छ । वर्तमान युगमा 'चुक्ली'-को महत्त्व व्यापक छ । 'चुक्ली' बिना जीवन चल्दैन । बौद्धिक खुराक जतिसुकै रित्तो होस् तर 'चुक्ली'-को आड लिएर चुक्लीवाल गोबरगणेशहरू आफ्नो कार्यालयमा एक नम्बर खेलाडीका रुपमा सिङसाँढे भइ नै रहेका हुन्छन् । हरिलङ्कक, पटमूर्खलाई चुक्लीले महाविद्वान बनाउँछ । आफ्ना दौंतरीहरू पद र प्रतिष्ठाको सगरमाथामा उक्लेका देख्दा मरिचजस्तै चाउरिनेहरू, आफू त्यति माथि उक्लिन नसक्नेहरूले नै 'चुक्ली' गर्नुतिर लाग्छन् । चुक्लीकै बलले फिष्टे कर्मचारी तिनका कार्यालयमा वरिष्ठ अधिकारी रुपमा अनुवाद हुने गर्दछ ।

चुक्ली लाएर आफ्नो दुनो सोझ्याउने चुक्तिवाल व्यक्तित्वलाई सोझा र सरल देखिन्छ । मृदुभाषी । सौम्य र शान्त मुहार । मुख अगाडि ठिक्कै तर पिँठ्यूपछि चुक्लीको धारिलो चक्कुले र ह्वाम्मै रोपरिरहेको हुन्छ । चुक्लीवालको मुखमा घिउ हुन्छ तर पेटमा मोराले ईर्ष्याविष थुपारेको हुन्छ । आफूलाई उछिन्ने कोही देख्यो कि वा अब मेरो टाँट पल्टिने रहेछ भन्न गन्ध वा क्षणक पायो कि पेटभित्र थुपारी राखेको ईर्ष्याविष वमन गरी तपाई विरुद्ध भए नभएका चुक्ली लाएर तपाईलाई छरपष्टै पारिदिन्छ । चुक्लीवालको मुख चटिप्लो हुन्छ तर पेट धमिलो । बाँदरले आफ्नो घर पनि बनाउँदैन, अर्काको घर पनि राख्दैन भनजस्तै चुक्लीवालले न आफू केही गरन सक्छन् न ता अरुले गरेको नै सहन्छन् । माछा देख्दा दुला हात, सर्प देख्दा पाखा हात गर्नमा चुक्लीवाल खप्पीस हुन्छ र जण्डा हुन्छन् ।

चुक्लीवाल चुक्लीमा विश्वास गर्छन् । अन्य विषयमा कुनै कन्याइ हुँदैन । समयमा कार्यालय आउँछन् । अन्य सहकर्मीको तुलनामा उनको अनुपस्थिति थोरै हुन्छ । उनको उपस्थिति देखेर हाकिम गजक्कै । तर हाकिम बाहिर टुरतिर गएका बेला भने उनी चारै बजी कार्यालयबाट टाप लाइहाल्छन् । कसले के भन्ने ? हाकिमका नियरेष्ट र डियरेष्ट मान्छै परै । आफ्नै सहकर्मी विरुद्ध नानाभाँती चुक्ली लाएर-लाएर हाकिमलाई आफ्नो झोलामा हाल्न सक्ने चुक्लीवाललाई इन्द्रेका बाबु चन्द्रे आए पनि केही लछारपटार लाउन सक्ने होइनन् के । चुक्लीवालको चर्तीकला देख्दा साँच्चै चुक्ली सर्वाधिक उपयोगी हतियार हो भन्ने कुरामा म सोह्रै आना आश्वस्त र विश्वस्त छु । थाक्सेको मुख चल्छ, नेवारको हात चल्छ भने झैं यी चुक्लीवालको मुख पनि बेजोड चल्छ । बडो मिलनसार स्वाभावका देखिएतापनि चुक्लीवालको गिदीमा अहर्निश षड्यन्त्र, छलकपट आदिले लेफराइट खेलिरहेको हुन्छ । किनभने चुक्लीवालाले चुकक्ली लाउनु बाहेक अन्य केहीजानेकै हुँदैन । चुक्ली लाउनु भनेको नै आफ्ना हाकिमको प्यारो हुनु हो । नियरेष्ट र डियरेष्ट बनिनु हो । सरकारी वा गैर-सरकारी कार्यालयमा मात्रै चुक्ली लाउने काम हुन्छ भन्ने छैन । राजनीति, साहित्य, संगीत आदिको क्षेत्रमा समेत चुक्लीचाक्ली ( अर्काको कुरा लाउँदै आफू साखी हुने काम, साखिल्लो बन्ने काम) चल्छ ।

> *चुक्लीवालको चर्तीकला देख्दा साँच्चै चुक्ली सर्वाधिक उपयोगी हतियार हो भन्ने कुरामा म सोह्रै आना आश्वस्त र विश्वस्त छु । थाक्सेको मुख चल्छ, नेवारको हात चल्छ भने झैं यी चुक्लीवालको मुख पनि बेजोड चल्छ । बडो मिलनसार स्वाभावका देखिएतापनि चुक्लीवालको गिदीमा अहर्निश षड्यन्त्र, छलकपट आदिले लेफराइट खेलिरहेको हुन्छ । किनभने चुक्लीवालाले चुकक्ली लाउनु बाहेक अन्य केहीजानेकै हुँदैन । चुक्ली लाउनु भनेको नै आफ्ना हाकिमको प्यारो हुनु हो । नियरेष्ट र डियरेष्ट बनिनु हो । सरकारी वा गैर-सरकारी कार्यालयमा मात्रै चुक्ली लाउने काम हुन्छ भन्ने छैन । राजनीति, साहित्य, संगीत आदिको क्षेत्रमा समेत चुक्लीचाक्ली (अर्काको कुरा लाउँदै आफू साखी हुने काम, साखिल्लो बन्ने काम) चल्छ ।*

रणमा-वनमा, जलमा-थलमा-आकाशमा समेत चुक्लीवाल जत्ति पाइन्छ । चुक्ली लगाउनु पनि एउटा कलो हो । सबैले चुक्ली लाउन सक्दैन, जान्दैन ।

चुक्ली लाउने कला सिकेर सिकिँदैन । यो वंश परम्पराको दोष हो । वंशमा पहिले कुनै पनि सन्तान चुक्लीवाल भए तिनै सन्तानको रगतको दोष हो । जस्तो बोट त्यस्तै फल भनेको जस्तो । चुक्ली लाउनेको आँखा लोभ मन पापी हुन्छ । बाहिर कसैलाई बिझाउँदैनन् । सबैसित मिठाइलो घनिष्टता देखाउँछन् । मिठो-मसिनो जे छ बाँडचुर गरेर खान्छन् । आन्द्रा -भुँडी दिएकोजस्तो पनि गर्छन् । उनको व्यवहार, आचरणले सबैलाई मक्ख र पक्क पार्छ । आफ्नो आन्द्रा-भुँडी दिएकाजस्तो गर्छन् तर आफ्नै सहकर्मीको आन्द्रा-भुँडी दुहुनुसम्म दुहेर ठिक ठाउँमा पसारिदिन्छन् । तर दुष्ट स्वाभावका यी चुक्लीवाल थाहै नपाई तपाई विरुद्ध हाकिमलाई चुक्ली लाएर तपाईलाई नराम्रो पारिसक्छन् र हाकिम तपाईप्रति दिन प्रतिदिन रुष्ट हुँदै जान्छन् अनि तपाईलाई जहिले पनि शंकाको दृष्टिले हेरिरहेका हुन्छन् । यस्ता चुक्लीवाल खास कुमित्र हुन् । यस्ता स्वाभावका कुमित्रलाई त्यागेकै उत्तम हुन्छ । चाणक्यले पनि भनेकै छन् -

*"परोक्षे कार्यहन्तारं प्रत्यक्षे प्रियवादिनम् ।।*
*वर्जयेत्तादृशं मित्रं विषकुम्भं पयोमुखम ।।"*

अर्थात्,

जुन साथीले पछाडी काम बिगारिदिन्छ सामुन्ने पर्दा मीठो बोली बोल्छ यस्तो साथी विषले भरिएको तर मुखमा दूध राखिएको ठेकीसमान हुन्छ । तसर्थ यस्तो मुखले राम राम बगलीमा छुरा स्वाभावका साथलाई छाड्नुपर्छ, त्यस्ताको संगत गर्नुहुँदैन । लागेको बानी कसले छोड्ने ? एकपल्ट चुक्ली लाउने बानी भएपछि त्यो छोड्नु वा त्याग्नु गाह्रै पर्छ । खास कुरा के हो भने, चुक्ली लाउन थालिएपछि चुक्लीवाल हाकिमको थै-थै हुन्छन् । के खोज्छस कानो आँखो भने झैं हाकिलाई पनि आफ्ना सहकर्मीहरूबारे नालीबेली चाहिएको अनि उनकै चुक्लीवाल सहकर्मीले साँखेचोर भएर चुक्ली लाउन थालेको । वाह... ! चुक्लीवालले श्यावाशी नपाएर कसले श्यावाशी पाउँने होइन र ! हाकिमको नजरमा एकपल्ट चुक्लीवाल हो भन्ने प्रमाणित भएपछि चुक्लीवालले पछि फर्केर हेर्नु पर्दैन ।

चुक्लीवालले गर्दा नै त्यस ठाउँको परिवेश बिग्रेर जान्छ । फेरि जति सपार्ने चेष्टा गर्दा पनि चुक्लीवाल कदाचित सप्रिने छैनन् । यस्ता चुक्लीवालसित पल-पलमै जोगिनुपर्ने हुन्छ । बडासँग लागे गुवा पान, छोटासँग लागे नाक कान भने झैं तपाईको कार्यालयमा पनि चुक्लीवाल कुमित्र छन् भने टकटकाउने काम गरिहाल्नोस् । यस्ता दुष्ट स्वाभावका छुल्याहा कुमित्रसित आन्द्रा गाँस्नुभो भने तपाई पक्कै नाशिनु हुनेछ । लाखेस् ! चाणक्यको ठुडमार्दो यहाँ नराखी सन्तोकै लागेन -

*"दुराचारी दुरादृष्टि: दुरावासी च दुर्जन: ।।*
*यन्मैत्री क्रियते पुभिर्नर: शीघ्रं विनश्यति ।।"*

अर्थात्,

खराब आचरण (आदत) भएको (दुष्ट स्वाभावका), बिना कुनै कारण अर्कालाई हानि पुऱ्याउने खोज्ने, खराब दृष्टि भएको, नराम्रो ठाउँमा बसोबास गर्ने, दुष्ट व्यक्तिसँग मित्रता गर्ने मानिश शीघ्रातिशीघ्र बिग्रन्छ (नाशिन्छ) ।

-समकालीन साहित्य डटकम


## सन्तोष चलचित्र मन्दिरमा...




(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

सन्तोष चलचित्र मन्दिर तानसेनमा असोज ६ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र नाङ्गो गाउँ ११:१५ बजे, एक भागवत र एक गीता २:१५ बजे र EXPEND4BLES (हिन्दी भाषामा) साझ ५:१५ बजे ।


कथा

गीता सापकोटा

## हरिप्रसाद

काठमाडौं सहरमा हुर्किएका मेरा छोराछोरी यहाँको वातावरणमा दिनभरि राम्ररी भुल्छन् । नभुलून् पनि कसरी ? बिहान झिसमिसेदेखि साँझ झमक्क पर्दासम्म हामी बुढाबुढी रोजीरोटीका लागि खट्नु परेकै छ । साँझपख दिदीभाइ एकछिन खेल्छन् । केही समय विद्यालयमा भए गरेका कुरा एकअर्कालाई सुनाउँदै निकै रमाइलो गर्छन् । रातिको खाना खाइसकेपछि केहीबेर गृहकार्यमा लाग्छन् । उनीहरू प्राय: साढे नौ बजेभित्र सुतिसकेका हुन्छन् । मलाई मेरा छोराछोरीको दैनिकी देखेर रमाइलो लाग्छ । छोराछोरी दुबै जना सधैं निधाउनु अगाडि मलाई एउटा कथा भन्न लगाउँछन् । बाबुकै कथाको आनन्द लिएपछि मात्र उनीहरू निधाउने बानी परेका छन् । छोराछोरीका लागि कथा भन्न म पनि तयारी अवस्थामा नै हुन्छु । आज छोराछोरीले सधैं झैं मलाई नयाँ कथा भन्न अनुरोध गरे ।

छोराछोरी ओल्लोपल्लो खाटमा सुतेका थिए । मैले पनि भुईंको गलैंचामा बसेर भित्तामा ढाड राखें र दिनभरिको थकान मेट्दै कथा भन्न थालें । मेरा कथामा हरिप्रसाद पात्र निकै सङघर्षशील थिए । छोराछोरी एकअर्काका आँखा जुधाउँदै मेरो कथा सुन्दै थिए । म भन्दै गएँ, "हरिप्रसाद गरिबको छोरो थियो । उसलाई पढ्न र लेख्न सानैदेखि निकै रुचि थियो । विद्यालय पनि त्यति नजिक थिएन । करिब एकोहोरो विद्यालय जान मात्र डेढ घण्टा लाग्थ्यो । ऊ दैनिक तीन घण्टाको बाटो ओहोरदोहोर गरेर पढ्ने गर्थ्यो ।" मैले हरिप्रसादको कथा भन्दै गर्दा छोरीले सोधी, "अनि बाबा, त्यति लामो बाटो ऊ बस चढेर गएको भए हुन्थ्यो नि त ।" "हैन, उसको घर दुर्गम गाउँमा थियो । त्यहाँ बस चढ्नका लागि बाटाघाटा थिएन । उसले त साँच्चै भन्नु पर्दा बस नै देखेको थिएन ।" मैले भनें । छोरोले फेरि प्रश्न सोध्यो, "बाबा, ऊ मामाघर जाँदा त पक्कै बस चढ्थ्यो होला नि !" म छोराको जिज्ञासा सुनेर मुसुक्क मुस्कुराएँ । उनीहरुलाई लाग्यो, बाबाले त्यतिकै कथा बनाउँदै हुनुहुन्छ । तर यी सबै यथार्थ थिए । मैले भनें, "हेर बाबु, उसको मामाघर पनि अर्को त्यस्तै दुर्गम गाउँमा थियो । दिनभरि हिँडेपछि बल्ल बल्ल राती मात्र मामाघर पुगिन्थ्यो । उनीहरूले हिँड्ने बाटामा कतै गाडी चल्दैन थियो ।" बाबाका कथा सुनेर दुबै जनाले कान ठाडा पारे । आँखा तन्काएर हेराहेर गरे । उनीहरूमा एकप्रकारको आश्यर्चको भाव प्रटक भइरहेको थियो । छोरीले फेरि सोधिन्, "अनि के भो बाबा ?" "हरिप्रसाद यसरी नै वर्षौंवर्ष स्कुल गइरह्यो । ऊ पढाइमा निकै अब्बल थियो । राम्ररी सबै कक्षामा उत्तीर्ण हुँदै गयो । त्यसपछि ऊ एसईई परीक्षामा पनि राम्ररी सफल भयो । उसको घरमा अरू दाइदिदीहरू पढेलेखेका थिएनन् । तर घरको कान्छो हरिप्रसादले एसईई पास गर्दा सबै खुसी भए ।" "त्यसपछि के भयो बाबा ?" छोरीले हतारहतार प्रश्न सोधी । मैले भन्दै गएँ, "त्यसपछि हरिप्रसादलाई माथिल्लो कक्षामा पढ्नका लागि सहर जानुपर्ने भयो । उसलाई पढ्न पठाउन बाबाआमासँग पैसा थिएन । गरिब परिवार, दिनहुँ बनिबुतो गरेर दुईछाक टार्थे । हरिप्रसादका लागि सहरको पढाइ आकाशकै फल हुने स्थिति भयो । उसलाई निकै छटपट्टी भयो । केही दिन निदाउन सकेन । एकदिन उसकै विद्यालयका हेडमास्टर उसको घरमा आइपुगे । हरिप्रसादको अबको पढाइका बारे सोधे । हरिप्रसादका बाबाले सहरमा पठाउने हैसियत नभएको गुनासो गरे । अरू कोही केही बोलेनन् । हेडमास्टरले आफ्नै सालो सहरमा भएको हुँदा त्यहाँ बिहान-बेलुका काम सघाएर पढ्ने व्यवस्था मिलाइदिने कुरा गरे । उनको कुराले सबैलाई राहतको अनुभव भयो । हरिप्रसादको अनुहारमा खुसीको प्रकाश छायो । त्यसको हप्ता दिनपछि हरिप्रसाद काठमाडौंमा पढ्ने उद्देश्यले आयो । उसले काठमाडौंको पुरानो बसपार्कमा आइपुग्न आँटेपछि हेडसरको सालो हेमन्तराजलाई मोबाइलमा फोन गर्यो । हेमन्तराज बसपार्कमा उसलाई लिन गए । रातभरिको यात्राले निकै थाकेर बिहानीपख मात्र हरिप्रसाद काठमाडौं पुगेको थियो । उसले घरबाट लगेको कालो दाल, बेसार र अलिकति खोसार्नी हेमन्तराजकी श्रीमती हेमकलालाई दियो । एकछिन पछि खाना खाएर आराम गर्यो । त्यस दिन त्यतिकै बित्यो । भेलिपल्ट उसको नाम लेख्नका लागि हेमन्तराज र ऊ जयबागेश्वरी माविमा गए । उसको भर्ना गरियो । बिहान १० बजेसम्ममा उसको पढाइ सकिने रहेछ । केही समयपछि उनीहरू त्यहाँबाट निस्किए र पोसाक सिलाउन दिन पसलतिर गए । त्यसपछि पुस्तक पसलमा गएर किताब किनेर कोठामा गए । उसले बाटामा सोच्यो, "ए, बिहानको पढाइ रहेछ, दिनभरि घरमा भएपछि त म मौका मिलाएर राम्ररी पढ्छु । कति फुर्सद हुन्छ, हुन्छ ।" हेमन्तराजको डेरा स्कुलदेखि त्यति टाढा पनि रहेनछ । उसलाई त्यो पनि रमाइलो लाग्यो । घरमा आएपछि हेमन्तराजले हरिप्रसादलाई भयो, "अब विद्यालयको पोसाक बनेपछि मात्र तिमी विद्यालय जानू । आज चाहिँ खाना खाएर हामी एकछिन मेरो फ्याक्ट्रीमा जानुपर्छ ।" हरिप्रसादलाई लाग्यो, "अंकलले आज मलाई कहाँ लान भनेको होला ?" खाना खाएपछि उनीहरू बाहिर गए । दस मिनेट पर अंकलहरूको चप्पल फ्याक्ट्री थियो । त्यहाँ हरिप्रसादलाई पुऱ्याए । त्यहाँ अरु पनि धेरै काम गर्ने कामदार थिए । हरिप्रसादलाई पनि अंकलले फ्याक्ट्रीको काम सिकाए । दिनभरि त्यहीको के के काम गरेर साँझ मात्र घर फर्किए । भोलिपल्टदेखि अंकल र हरिप्रसाद दिनहुँ फ्याक्ट्री जान थाले । दुई हप्तासम्म काम गरिसकेपछि बल्ल बल्ल विद्यालयको पोसाक अंकलले ल्याइदिए । त्यसपछि ऊ बिहानको पढाइका लागि विद्यालय जान थाल्यो । बिहान साढे दस बजेतिर घरमा आएर खाना खाइसकेपछि फेरि चप्पल फ्याक्ट्रीमा काम गर्नुपर्थ्यो । बिचरा ! हरिप्रसादका हातभरि घाउ नै घाउ भएका थिए । उसलाई विद्यालयमा उसका साथीहरूले जिस्काउँथे । ऊ भने आफ्नो दु:ख सम्झिएर निकै दु:खी बन्थ्यो ।" त्यति नै बेला छोरीले भनी, "उसका साथीहरू कस्ता फटाहा रहेछन् नि बाबा !" फेरि छोराले थप्यो, "उनीहरूलाई के थाहा र हरिप्रसादको घरको दु:ख ? त्यही भएर जिस्काएका होलान् नि हैन बाबा !" दुवैको जिज्ञासा मनासिफ थियो । म भन्दै गएँ, "राती आठ बजेसम्म ऊ फ्याक्ट्रीकै काममा व्यस्त हुन थाल्यो । उसलाई कसैले पनि पढ्ने कुरा गर्दैन थिए । उसलाई त्यस बिरानो ठाउँमा लाग्थ्यो, हेर, मान्छे कति स्वार्थी हुँदा रहेछन् । पक्कै पनि यी अंकल आन्टी पढेलेखेका होलान् । यिनीहरूका छोराछोरी बोर्डिङ स्कुलमा पढ्छन् । जतिखेर पढ्ने र खेल्ने मात्र गर्छन् । तर मलाई कतिखेरै पढ् भन्दैनन् । बरु मेरा बुबाआमा, बिचरा कालो अक्षर भैंसी बराबर थियो, उहाँहरूलाई एक अक्षर पढ्न नआए पनि मलाई पढ्न कत्ति प्रेरित गर्थे । दाजुदिदीहरू पनि पढेको देखेर खुसी हुन्थे । यहाँ त मेरो पढाइ बर्बाद हुने भयो ।" हरिप्रसाद केही दिन त निकै चिन्तामा पर्यो । धेरै दिन ऊ दु:खी भयो । तर एकदिन उसले सोच्यो, "म काठमाडौं आउनु नै मेरा लागि अवसर हो । काम नगरी त कसलाई पो पुग्छ र ! अब म विद्यालयमा नै निकै ध्यान दिएर पढ्छु । रातीको समय अलिक बढी नै मिहिनेछ गर्छु । दिउँसो जे जे काम गर्नु परे पनि खुसी भएर गर्छु । मेरा बाआमाको हैसियत अलिक राम्रो थियो भने यस्तो दु:ख हुने थिएन । मैले चाहिँ पढेर केही बन्नै पर्छ ।" हरिप्रसादले राम्रो अंक ल्याउने अठोट गरेर पढ्न थाल्यो । मिहिनेतको फल मिठो हुन्छ भनेको साँच्चै रहेछ । उसले दिनभरि फ्याक्ट्रीमा काम गरेर राती राती निकै मिहिनेत गरेर पढ्यो । नभन्दै कक्षा ११ को पढाइमा ऊ प्रथम भयो । उसलाई अति हौसला भयो । उसले अझै मिहिनेत गर्न थाल्यो । बिस्तारै कक्षा बाह्रको पनि परीक्षा दियो । दुई वर्षपछि ऊ घरमा गयो । घरमा गएर बसेको तीन महिनापछि उसको कक्षा बाह्रको पनि नजिता आएको कुरा उसले रेडियोबाट सुन्यो । हरिप्रसादले भोलिपल्ट बिहानै उसको काठमाडौंको स्कुलमा फोन गर्यो । फोन हेडसरले उठाएका थिए । उनले भने, "बधाई छ हरिप्रसाद, तिमी नै व्यवस्थापन संकायका प्रथम विद्यार्थी भएका छौ । साह्रै राम्रो अंक ल्याएका छौ ।" हेडमास्टरले बधाईसहित नजिता सुनाउँदा हरिप्रसादको हर्षको सीमा रहेन । उसले घरमा सबैलाई सुनायो । सबै जना खुसी भए । हरिप्रसादलाई अझै उच्च शिक्षातिरको पढाइलाई निरन्तरता दिने इच्छा छँदै थियो । केही समयपछि हरिप्रसाद फेरि काठमाडौं फर्कियो । ऊ त्यही अंकल आन्टीको डेरामा पुग्यो । उसले पढाइमा राम्रो गरेको हुँदा अंकलले पनि बधाइ दिए । उसले स्नातक तहका लागि शंखरदेव क्याम्पसमा भर्ना गर्यो । त्यहाँ पनि बिहानी नै पढाइ हुन्थ्यो । दिउँसो उसले पहिला जसरी नै अंकलको फ्याक्ट्रीमा सहयोग गर्दै प्रथम वर्षको परीक्षा दियो । दोस्रो वर्षको पढाइ सुरु भए पछि उसले कामको खोजी गर्यो । ऊ पढाइमा निकै अब्बल र बोलीचाली पनि राम्रो भएको केटो थियो । उसले एउटा निजी बैंकमा काम पायो । हेमन्त अङकलकै घरमा बसेर उसले केही समय जागिर खायो । उसले जागिर खान थालेपछि अंकलको फ्याक्ट्रीमा चाहिँ काम सघाउन भ्याएन । तर उसले तलब आउन थालेपछि तरकारी र मासु आफ्नै पैसाले किनेर ल्याउँथ्यो । साँझको समय अंकलका छोराछोरीलाई पढाउथ्यो । शनिबारको दिन प्राय: अंकलको फ्याक्ट्रीमा काम गर्थ्यो । सकेसम्मको सहयोग गरिरहेकै थियो । हरिप्रसादले जेजस्तो सहयोग गरे पनि आन्टी त्यति खुसी देखिन्न थिइन् । सित्तैमा खान दिनु परेजस्तो गरी उनले नराम्रो व्यवहार गर्न थालेकी थिइन् । करिब तिन महिनापछि चाहिँ अंकलले नै उसलाई डेरा खोजेर छुट्टै बस्न भने । हरिप्रसादलाई त्यहाँबाट निस्किहाल्न मन थिएन । एक्लै बस्ने अनुभव पनि थिएन । तर अंकलले भनेपछि उसले केही दिनमै एउटा कोठा खोजिहाल्यो । कलेजकै नजिक ऊ डेरा गरी बस्न थाल्यो । बिहान कलेजमा पढ्ने दिउँसो जागिर खाने र राती निकै मिहिनेत गरेर पढ्ने उसको दैनिकी थियो । उसले घरमा बाआमा र दाइदिदीको दु:ख सम्झिएर यता मिहिनेत गर्थ्यो । हरिप्रसादको मिहिनेतको फल राम्रो हुँदै गयो । उसले स्नातकमा पनि कलेज टप्न सफल भयो । हरिप्रसादलाई पढ्ने रहर अझै पूरा भएको थिएन । उसले स्नातकोत्तर तहमा पनि भर्ना गर्यो । निजी बैंकमा जागिर खाँदा ऊ सन्तुष्ट थिएन । कतै सरकारी बैंकमा कर्मचारी माग गरिन्छ कि भनेर ऊ दिनहुँ जस्तो पत्रिकामा विज्ञापन पनि हेर्थ्यो । एकदिन उसले नेपाल राष्ट्रिय बैंकमा अधिकृतको आवश्यकता परेको कुरा समाचार पत्रबाट थाहा पायो । त्यसमा परीक्षा लेख्न उसले सुर कस्यो । ऊ जागिर खाँदै त्यस परीक्षाको निकै राम्ररी तयारी गर्न थाल्यो । परीक्षा लेखेको केही महिनापछि उसको नजिता आयो । उसले शाखा अधिकृत पदमा लिखित परीक्षामा एक नम्बरमा नाम निकाल्यो । त्यसपछि अन्तर्वार्तामा पनि ऊ सफल भयो । त्यसपछि ऊ स्नातकोत्तर पढ्दै सरकारी जागिर खान थाल्यो । आजकाल त ऊ बैंकको प्रमुख भएर काम गरिरहेको छ । बाबाको कथा सुनेर छोराले भन्यो, "बाबा हजुर पनि बैंक प्रमुख हुनुहुन्छ । उहाँसँग तपाईंको पनि भेट हुन्छ होला है !" छोरोको कुरा सुनेर मेरो गला अवरुद्ध भयो । फेरि छोरीले पनि उसै गरी प्रश्न सोधी, "भन्नुस् न बाबा, हजुरको त्यो अंकलसँग भेट हुन्छ कि हुँदैन ?" छोराछोरीको कुराले म भावुक बनें । मेरा आँखामा आँसुले छपक्क छोप्यो । छोरीले भनी, "बाबा, हजुरले किन यसरी आँसु निकाल्नु भएको ? कतै त्यो अंकल तपाईंको साथी नै त होइन ?" छोरीका कुरा सुनेर भनें, "तिमीहरु दुबै जना मेरो छेउमा आओ त अनि म भन्छु ।" दुबै जना बाबाको अगाडि उभिए र 'ल भन्नु' भनेर बाबाको मुखैमा उनीहरूले कान लगेर उत्तरको प्रतीक्षा गरे । दुबैलाई अंगालो मार्दै मैले भनें, "अहिले तिमीहरु त्यही हरिप्रसादको काखमा बसेका छौ । त्यो हरिप्रसाद मैं हुँ, मैं ।" छोराछोरीले बाबाको कुरा सुनेर हत्त न पत्त बाबालाई हेरे, बाबाका आँखामा आँसु भरिएका थिए । दुबै छोराछोरीले बाबालाई गम्लङ्ग अँगालो हाले र बाबाको आँसु पुच्छै भने, "हजुर हाम्रो महान् बाबा । हजुर हाम्रो हिरो बाबा ।"

-साहित्यपोष्ट डटकम

# शिक्षकहरुको आन्दोलन फिर्ता



**पाल्पा,** असोज ५/ असोज ३ गतेदेखि सडकमा उत्रिएका शिक्षकहरुको आन्दोलन फिर्ता भएको छ । शुक्रबार सरकार र आन्दोलन शिक्षकबीच सहमति भएपछि शनिबारदेखि आन्दोलन फिर्ता हुने भएको हो ।

गृह मन्त्रालयमा सरकार र नेपाल शिक्षक महासंघका प्रतिनिधिबीच सहमति भएसँगै आन्दोलन फिर्ता हुने भएको जनाइएको छ । गृह मन्त्रालय स्रोतकाअनुसार संसद्मा दर्ता विद्यालय शिक्षा विधेयक संशोधन गर्ने समझदारी भएको छ । संशोधनका लागि सुझाव दिन शिक्षक महासंघका प्रतिनिधिसहित कार्यदल बन्ने भएको छ । शिक्षकको माग संसदबाटै पूरा गर्ने सरकारले प्रतिबद्धता जनाएपछि शिक्षकले पनि आन्दोलन फिर्ता गर्ने भएको सञ्चारमन्त्री रेखा शर्माले बताईन् । शिक्षा विधेयकमा १८ बुँदे असहमति राख्दै तीन दिनदेखि आन्दोलनमा सहभागी हुन काठमाडौंमा विभिन्न जिल्लाबाट शिक्षक/शिक्षिका पुगेका थिए । संघीय संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका कतिपय प्रावधानप्रति असन्तुष्टि जनाउँदै देशभरका शिक्षकले अनिश्चितकालिन आन्दोलन सुरू गरेका हुन् । सहमतिअनुसार नेपालका सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको मर्यादाक्रम कायम गर्ने, विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा भएका व्यवस्थाहरुमा संसदको सार्वभौमिकतालाई सम्मान गर्दै संसदीय प्रणाली, अभ्यास र संघीय संसद सञ्चालनसम्बन्धी मौजूदा विधि बमोजिम प्रक्रिया अगाडि बढाउन सहजीकरण गर्नेलगायतमा सहमति जुटेको छ ।

यस्तै शिक्षकको समायोजन, तहगत प्रणाली र आवधिक बढुवाका विषयमा नेपाल शिक्षक महासंघ र विज्ञसमेतको प्रतिनिधित्व हुने गरी अध्ययन समिति गठन गर्ने र समितिको प्रतिवेदन बमोजिम आवश्यक कानूनी प्रबन्ध गर्ने सहमति पनि भएको छ । यस्तै माध्यमिक तहको विशिष्ट श्रेणीमा बढुवाकाको लागि प्रथम श्रेणीमा दश वर्ष सेवा गरेको हुने व्यवस्था गर्ने, प्रारम्भिक बालविकास शिक्षालाई शिक्षाको पुर्वाधारको रुपमा विकास गर्ने र प्रारम्भिक बालविकास सहयोगी कार्यकर्तालाई सामाजीक सुरक्षा कोषमा आवद्ध गर्ने, शिक्षकको दरबन्दी मिलान तथा पद मिलानसम्बन्धी व्यवस्था स्थानीय आवश्यकता, विषयगत व्यवस्था, विद्यार्थी संख्या र विद्यार्थीको पहुँचलाई आधार बनाउनेलगायतका विषयमा पनि सहमति भएको छ । विभिन्न १८ बुँदे माग राख्दै शिक्षक महासंघको अगुवाइमा असोज ३ देखि शिक्षकहरुले विद्यालय शिक्षा विधेयकको विरोधमा राजधानीमा आन्दोलन थालेका थिए । गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा दुई पक्षबीच सिंहदरबारमा वार्ता पछि सहमति भएको थियो ।

# अविरल वर्षाले भत्कियो...

...बागलुङ नगरपालिकाका इञ्जिनियर तथा विपद् शाखाका संयोजक गौरव शर्माले नगरपालिकाले नाली विस्तारका क्रममा कच्ची घरभित्र बर्खाको पानी परेका कारण घर भत्किएको बताउँदै क्षतिपूर्तिको मूल्याङ्कन अनुसार घर बनाउन सहयोग गर्ने बताए । अहिले सापकोटाको घरबाट पुरिएका सामग्री निकाल्न स्थानीयले सहयोग गरिरहेको बालमन्दिर टोल विकास संस्थाका अध्यक्ष खिमराज सापकोटाले बताए । 'सापकोटाको परिवारलाई घर बनाइदिन आवश्यक छ, टोल विकासको समन्वयमा नगरपालिका र जिल्ला प्रशासनमा निवेदन दिएका छौं', उनले भने, 'घर निर्माणमा सबैको सहयोगको अपेक्षा गरिएको छ ।' सापकोटाका अनुसार टोल विकास संस्था र स्थानीयको सहयोगमा भत्किएको घर पन्छाउने कार्यमा भइरहेको छ । सापकोटालाई रेडक्रस मार्फत खाद्यान्नसमेत उपलव्ध गराइएको छ । *-रासस*


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने पहिलो व्याच सम्मानित



**काठमाडौं,** असोज ५/नेपाल क्रिकेट संघ (क्यान) ले अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलो पटक सहभागिता जनाएका नेपाली क्रिकेट टोलीलाई शुक्रबार सम्मान गरेको छ ।

सन् १९९६ देखि अन्तर्राष्ट्रिय खेल खेल्न थालेको नेपालले पहिलोपटक मलेसियामा भएको एसिसी ट्रफी खेलेको थियो । उक्त प्रतियोगितामा सहभागिता जनाउने नेपाली टोलीका सबै खेलाडी र प्रशिक्षकलाई क्यानको केन्द्रीय साधारणसभा तथा अधिवेशनका क्रममा सम्मान गरिएको हो । कार्यबाहक प्रधानमन्त्री एवं उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले उक्तसाधारणसभा शुभारम्भ गर्नाका साथै खेलाडीलाई सम्मानपत्र पनि प्रदान गरे । उनले नेपाली क्रिकेट टोलीले पछिल्लो समयमा उत्कृष्ट खेल प्रदर्शन गरेको भन्दै क्रिकेट खेलको विकास र विस्तारका लागि भौतिक पूर्वाधारको विकास हुन आवश्यक रहेको बताए । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले यस कार्यसमितिले क्षमताले भएसम्म उत्कृष्ट काम गरेको यही कार्यकालमा नेपालले पहिलो पटक एसिया कप खेल्न सफल भएको बताए । सम्मानित हुने खेलाडीमा उत्तमकुमार कर्माचार्य (तत्कालीन कप्तान), बसन्त शाही ठकुरी, जगतबहादुर टमाटा, लेखबहादुर क्षेत्री, (एलबी) मनिषराज पाण्डे, सन्जय गुरुङ, किरणशम्शेर राणा, राजु खड्का, पवनकुमार अग्रवाल, विशाल गुप्ता, रितेश बराल, पुकार पन्त र मुसरफ इजाहर रहेका छन् ।


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## आवश्यकता

तानसेन नगरपालिका-२ मेहलधारामा रहेको मेडिकलको लागि एक जना ल्याव असिस्टेन्ट (Lab Assistant) आवश्यक परेकाले योग्य व्यक्तिले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**शिल्पा फर्मा/क्लिनिक**
तानसेन-२, मेहलधारा, पाल्पा
(बेथल बोडिङ्ग स्कुल जाने बाटो नजिकै)
सम्पर्क नं. : ९८४५१७५६८६

नशा तथा मनोरोग विशेषज्ञ डा.भास्कर शर्माद्वारा विशेष उपचार गरिन्छ ।


## कर्पोरेट/अर्थ समाचार

# यामाहा टोली भारत प्रस्थान




**पाल्पा,** असोज ५/यामाहा प्रशंसक र उत्साही बाइकर साहसिक अनुभवका लागि पहिलो मोटोजीपी इण्डियाको रोमाञ्चक दृश्यावलोकन गर्न त्यसतर्फ प्रस्थान गरेका छन् । नोएडामा २४ सेप्टेम्बरमा हुने बुद्ध सर्किटमा सहभागी हुन नौजना यामाहा प्रशंसक र उत्साही बाइकरहरू त्यसतर्फ प्रस्थान गरेका हुन् ।

राइडर्स टोलीले २३ र २४ सेप्टेम्बरमा रेसको अनुभव लिनेछ र २७ सेप्टेम्बरमा सोही बाटो भएर काठमाडौं फर्किनेछ । यामाहाले नेपालमा रेसिङ संस्कृतिको परिचय गराई यसको विकास र प्रवर्द्धन गर्न निरन्तर रूपमा काम गरिरहेको छ । आफ्नो उद्देश्य अनुरूप नै यामाहाले रेसिङ स्पोर्टसलाई प्रतिबिम्बित गर्ने धेरै इभेन्टसँग आफ्नो आवद्धता कायम राख्दै यसको प्रवर्द्धनसमेत गरेको छ । कार्यक्रमले यामाहा मोटरसाइकलको पराक्रम मात्र देखाउँदैन बरू खुल्ला सडकमा ब्राण्डप्रतिको माया अभिव्यक्त गर्ने राइडरको जोशलाई उत्सवका रूपमा पनि मनाउँछ ।

छानिएका राइडरमा संग्राम पुडासैनी, सुरेश जिसी, माइकल थापा, रुपेश पण्डित, राजकुमार कुशवाहा, अर्जित महर्जन, राजकुमार कार्की र तारा खड्का तथा मार्सलका रूपमा प्रमोद श्रेष्ठ रहेको जनाइएको छरु। यामाहा राइड टु मोटोजिपीमा सहभागिताका लागि ठूलो संख्यामा आवेदन परेको कम्पनीले जनाएको छ तर, सीमित सिट भएकाले आठजना मात्रै छनोट गरिएको हो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई